# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७२ | काठमाडौं | सोमबार, २६ असोज २०८३ | Prabhab National Daily | Monday, 12 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


कांग्रेसको १५औं महाधिवेशन

## उपसभापतिमा भण्डारी, आचार्य र चौधरी निर्वाचित

### महामन्त्रीमा पौडेल, राणा र संग्रौलाले मारे बाजी

**कसले कति मत पाए ?**

**उपसभापति**

| | |
|---|---|
| डा. चन्द्र भण्डारी | ३७३५ (विजयी) |
| इ. मधु आचार्य | २३४२ (विजयी) |
| गोविन्द भट्टराई | १७५२ |
| सुरेन्द्रराज पाण्डे | १६७३ |
| धनराज गुरूङ | १५९६ |
| दीपक गिरी | ९२३ |
| प्रा.डा. चन्द्रमोहन यादव | ७६० |

**समावेशी उपसभापति**

| | |
|---|---|
| विनोद चौधरी | १७४५ (विजयी) |
| जीवन परियार | १६५८ |
| फरमुला मंसुर | ११४४ |
| सीता गुरूङ | १११२ |
| रञ्जित कर्ण | ५६२ |

**खुला महामन्त्री**

| | |
|---|---|
| प्रदीप पौडेल | ४१९४ (विजयी) |
| उदयशमशेर राणा | २३३० (विजयी) |
| डा. सुनिलकुमार शर्मा | २२५७ |
| गुरूराज घिमिरे | १५१३ |
| अमरसिंह पुन | ११२५ |
| नैनसिंह महर | ११३४ |
| शंकर तिवारी | १२३ |

**महिला महामन्त्री**

| | |
|---|---|
| डा. डिला संग्रौला | ३११८ (विजयी) |
| महालक्ष्मी उपाध्याय 'डिना' | २८६४ |
| रीता खनाल | ८०४ |



डा. चन्द्र भण्डारी



इ. मधु आचार्य



विनोद चौधरी



प्रदीप पौडेल



उदयशमशेर राणा



डा. डिला संग्रौला

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसको खुला उपसभापतिमा डा. चन्द्र भण्डारी र इञ्जिनियर मधु आचार्य निर्वाचित भएका छन् । निर्वाचन समितिका अनुसार भण्डारीले तीन हजार ७३५ मत र आचार्यले दुई हजार ३४२ मत पाएर विजयी भएका हुन् ।

भण्डारी र आचार्य सुरुदेखि नै अघिपछि थिए । अन्ततः दुवैले परिणाम विजयी निकाले । भण्डारीले अग्रतालाई कायम राख्दै दोस्रो प्रयासमा उपसभापति पदमा निर्वाचन जितेका हुन् । १४औं महाधिवेशनमा पनि उनी उपसभापति पदका उम्मेदवार थिए । त्यतिबेला पराजित भए ।

पार्टीमा कोइराला खेमाका नेता भण्डारी विशेष महाधिवेशनको प्रक्रियामा सहभागी थिएनन् । उनी मध्यमार्गमा थिए । पार्टीलाई हरहालतमा एकताबद्ध बनाउनुपर्ने उनको धारणा छ । उनै भण्डारीलाई पार्टीको खुला उपसभापतिमा देशभरबाट काठमाडौं आएका महाधिवेशन प्रतिनिधिहरूले निर्वाचित गराएका हुन् । भण्डारीपछि दोस्रो बढी मत ल्याएर खुला उपसभापतिमा निर्वाचित आचार्यलाई गोविन्द भट्टराईले एक हजार ७५२ मतसहित पछ्याएका थिए ।

▶▶| क्रमशः पृष्ठ २ मा

बूढीगण्डकीमा आकस्मिक बाढी

# ४५ घर पूर्णरूपमा क्षति पाँच जना सम्पर्कविहीन





बूढीगण्डकी नदीमा आइतबार आएको बाढीको उद्गमस्थल हेलिकप्टरबाट देखिएको गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उंगिलुङ खोला (बाँया) र बाढीले पुऱ्याएको क्षति । *तस्बिरः रासस*

- सम्पर्कविहीन हुनेमा ६५ वर्षीय सोनाम लामा, ५९ वर्षीया मोम्मोअजी लामा, ६६ वर्षीया सोमभुटी लामा, ७३ वर्षीय कर्मा लामा र ४१ वर्षीय पोमादोर्जे लामा छन्
- बाढीले बगायो गोरखाको चुमनुब्री, धार्चे र आरूघाट गाउँपालिकामा दुई वटा मोटरेबल र दुई वटा झोलुंगे पुल
- बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगायो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गोरखाको बूढीगण्डकी नदीमा आइतबार बिहान आएको आकस्मिक बाढीमा परी पाँच जना बेपत्ता भएका छन् । बिहान करिब ४ बजे गोरखाको चुमनुब्री गाउँपालिका-६ बाट सुरु भएको बाढीले गोरखाका चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीले उत्तरी गोरखाका ४५ घरमा पूर्णरूपमा क्षति पुऱ्याएको छ भने २७ वटा घरमा आंशिक क्षति पुगेको छ । उक्त बाढीले दुईवटा पक्की पुल र दुई वटा झोलुंगे पुल बगाएको छ । यस्तै तीनवटा जलविद्युत्, चारवटा हवन कुण्ड, ३४ गोठ, १२ वटा बंगुरको खोर तथा तीन वटा सवारीसाधनमा क्षति पुऱ्याएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले बाढीपछि बेपत्ता दुई महिला र तीन पुरुषको खोजी तीव्र पारिएको बताएका छन् । 'बाढीमा परी पाँच जना बेपत्ता हुनुभएको सूचना प्राप्त भएको छ जसको खोजी कार्य तीव्र पारिएको छ । बाढीले झोलुंगे र पक्की पुल, टेलिफोन टावर, बिजुलीका पोल, निर्माणाधीन बूढीगण्डकी हाइड्रो क्याम्प क्षेत्र,...

▶▶| क्रमशः पृष्ठ २ मा

## कसरी आयो बाढी ?

गोरखाको बूढीगण्डकी नदीमा आइतबार बिहानको बाढी चुम्चेत नजिक पहिरोले नदी थुनिएर बनेको अस्थायी अवरोध फुट्दा आएको हुनसक्ने प्रारम्भिक आकलन गरिएको छ ।

एकीकृत पर्वतीय विकासका लागि अन्तर ाष्ट्रिय केन्द्र (इसिमोड) ले नेपालका सरकारी निकायबाट सार्वजनिक भएका प्रारम्भिक विवरणको समीक्षा गर्दै पहिरोले नदीको बहाव रोकेपछि बनेको अस्थायी अवरोध भत्किएर बाढी आएको हुन सक्ने जनाएको हो ।

इसिमोडका अनुसार आइतबार बिहान नेपाली समयअनुसार करिब ४ बजे बाढी सुरु भएको अनुमान छ । बाढीले बूढीगण्डकी नदीको तटीय क्षेत्रमा लेदो, गेग्रान र अन्य भग्नावशेष बगाएको थियो ।

▶▶| क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीमा हुथीको आक्रमणले बढायो आप्रवासी श्रमिकको सुरक्षा चिन्ता

- साउदीका विभिन्न विमानस्थलमा हुथी विद्रोहीको निरन्तर आक्रमण
- गत साता साउदीका विमानस्थलमा तीन पटक आक्रमण गरेकामा शनिबार रियादस्थित अन्तर्राष्ट्रिय विमानस्थललक्षित घातक क्षेप्यास्त्र तथा ड्रोन आक्रमण
- शनिबार भएको आक्रमणमा १२ जनाको मृत्यु, ३०९ जना घाइते
- करिब चार लाख नेपाली श्रमिक कार्यरत साउदीमा युद्ध लम्बिए उनीहरूको रोजगारी प्रभावित हुने डर



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरबमा हुथी विद्रोहीले आक्रमण तीव्र पारेपछि त्यहाँ कार्यरत आप्रवासी श्रमिकहरूको सुरक्षा चिन्ता बढेको छ । विशेषगरी रियादस्थित अन्तर ाष्ट्रिय विमानस्थललक्षित घातक क्षेप्यास्त्र तथा ड्रोन आक्रमणका कारण उक्त मुलुकमा कार्यरत नेपाली श्रमिकसमेत जोखिममा परेका छन् ।

अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले शनिबार भएको आक्रमणमा १२ जनाको मृत्यु हुनका साथै कम्तीमा ३०९ जना घाइते भएको उल्लेख गरेको छ । किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा साउदीका चार, बंगलादेशका दुई तथा संयुक्त राज्य अमेरिका, जोर्डन, प्यालेस्टाइन, सिरिया, सुडान र इजिप्टका एक/एक जनाको ज्यान गएको छ । घाइते केहीको अवस्था गम्भीर रहेको पनि जनाइएको छ । आक्रमणपछि पनि हुथी विद्रोहीले साउदीका हवाइ मार्ग र विमानस्थल प्रयोग नगर्न यात्रु तथा विमान कम्पनीलाई चेतावनी दिएको छ । यसबाट थप आक्रमणको आशंका गरिएको छ ।

गत सातामात्र हुथीले साउदीका विमानस्थलमा तीनपटक आक्रमण गरेको थियो । गत अक्टोबर ५ र ६ मा दुईवटा विमानस्थलमा आक्रमण हुँदा केही भौतिक क्षति हुनुका साथै तीन जना घाइते भएका थिए । त्यस्तै, अक्टोबर ८ को आक्रमणका तीन जनाको ज्यान जानुको साथै एउटा विमानमा क्षति भएको थियो ।

शनिबारको आक्रमणलाई साउदी सरकारले युद्ध अपराधको संज्ञा दिँदै यसको कडा जवाफ दिने चेतावनी दिएको छ । यो आक्रमणका कारण साउदीका अधिकांश उडानहरू रद्द हुनुका साथै कतिपय उडान 'डाइभर्ट' गरिएका छन् । सुरक्षा चिन्ता बढेपछि नेपालबाट साउदीको उडान पनि प्रभावित भएको छ । कतिपय देशका नियोगहरूले आफ्ना नागरिकलाई विमानस्थल नजिक नजान अनुरोध गरेका छन् । साथै, रियादका विद्यालयमा भौतिकरूपमा हुने पठनपाठन स्थगित गरी अनलाइन कक्षा सञ्चालन गरिएकोसमेत अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

हालसम्म आक्रमणको प्रत्यक्ष असर नेपाली श्रमिकमा परेको जानकारीमा आएको छैन ।

▶▶| क्रमशः पृष्ठ २ मा

## पहिरोले घेरिएको पाउद्धार, विस्थापितलाई गाउँ फर्किन अन्योल



*तस्बिरः रासस*

हाम्रो आँखाले पहिरो हेर्दा पाउद्धार गाउँ बस्नयोग्य होलाजस्तो लागेको छैन । सरकारले छिटो भूगर्भविद् ल्याएर अध्ययन गरिदिए ढुक्क हुने थियौं ।

■ **जसलाल तिलिजा**
पहिरोप्रभावित

छिट्टै पाउद्धारलगायत अन्नपूर्ण गाउँपालिकाका सबै पहिरोको अध्ययनका लागि भूगर्भविद्को टोली परिचालन गर्दै छौं । प्राविधिक टोलीको प्रतिवेदन र सुझावअनुसार पुनःस्थापना तथा पुनर्निर्माणका योजना कार्यान्वयन गर्छौं ।

■ **गणेश गैरे**
प्रमुख जिल्ला अधिकारी, म्याग्दी

■ **सन्तोष गौतम**

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्धारका वीरबहादुर पाइजाको परिवार विगत १५ दिनदेखि छिमेकी गाउँ घारस्थित वडा नं ६ को कार्यालय परिसरमा सञ्चालित अस्थायी आश्रयस्थलमा बस्दै आएको छ ।

असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको पहिरोले गाउँलाई चारैतिरबाट घेरेपछि उनको परिवारसहित ९४ जनालाई असोज ११ गते दिउँसो नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी घार ल्याइएको थियो । सुरक्षित स्थानमा आश्रय पाए पनि ७० वर्षीय वीरबहादुरलाई अब आफ्नो थातथलोमा फर्किएर बस्न पाइने हो वा होइन भन्ने चिन्ताले सताउन थालेको छ । वर्षौंदेखि पसिना बगाएको गाउँ पहिरोको जोखिममा परेपछि उनलाई घरबार गुमाउनुपर्ने पीडाले पिरोलेको छ ।

'पहिरोले गाउँ घेरेपछि कतै जाने ठाउँ नपाएर हेलिकप्टरबाट उद्धार भई शिविरमा बस्दै आएका छौं । अब त्यो ठाउँमा बसाइ होला भन्ने चिताएको छैन,' आँखाभरि आँसु पार्दै उनले भने, 'हिउँदमा राम्रो देखिए पनि आउने बर्खामा अहिलेको भन्दा धेरै दुःख पाइने निश्चित छ ।'

वीरबहादुरको जस्तै चिन्ता पाउद्धारका ६५ वर्षीय जसलाल तिलिजा र सोमप्रसाद तिलिजालाई पनि छ । पहिरोले बस्तीलाई जोखिममा पारेपछि उनीहरू आफ्नो घरमा सुरक्षितरूपमा बस्न सकिनेमा विश्वस्त हुनसकेका छैनन् ।

▶▶| क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## ४५ घर...

निर्माण उपकरण र वरिपरि रहेका घरहरू बगाएको छ,' सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहले भनेका छन् । बेपत्ता भएकाहरू भेडी गोठमा बस्दै आएकाहरू हुन् । भेडीगोठबाट सम्पर्कविहीन हुनेहरूमा ६५ वर्षीय सोनाम लामा, ५९ वर्षीया मोम्मोअजी लामा, ६६ वर्षीया सोमभुटी लामा, ७३ वर्षीय कर्मा लामा र ४१ वर्षीय पोमादोर्जे लामा छन् ।

बाढीले चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुऱ्याएको छ । यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ । बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुई वटा मोटरेबल र २ वटा झोलुङ्गे पुल बगाएको गृह मन्त्रालयले जनायो । गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो । यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिए ।

बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ । यसैगरी, माछीखोला र केरौंजा जोड्ने झोलुंगे पुल, चुमनुब्रीको ठाडो भञ्याङ र जगत जोड्ने पुल र चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुंगे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताइन् ।

बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले बताए । 'माछीखोलाको पुल बगाउँदा केरौंजा, लामावेशी, रुन्चेतलगायत गाउँबस्ती जाने बाटो बन्द भयो,' गुरुङले भने ।

बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधार भूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाको भनाइ छ । बाढीका कारण उत्तरी गोरखाको तीन वटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ । चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो । यस्तै, धार्चे गाउँपालिका-१ यारु र दोभानमा रहेको दुईवटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताए ।

बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्विहीन बनेका गुरुङको भनाइ छ । बाढीले चुमनुब्री गाउँपालिकाको उंगिलुङ खोला क्षेत्रका चार गोठ बगाएको छ ।

यस्तै, बूढीगण्डकी किनारमा पर्ने सल्लेरी, घट्टेखोला, पैंयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ । शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ ।

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । चुमनुब्री गाउँपालिका-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकोप्टरमार्फत उद्धार गरिएको प्रधानमन्त्री शाहले बताएका छन् । 'गोरखाको सल्लेरीस्थित निर्माणाधीन बूढीगण्डकी हाइड्रोका १२ कर्मचारीसहित ४८ जनालाई उद्धार गरी सुरक्षित स्थानमा राखिएको छ । नेपाली सेनाका तीनवटा स्पेसल फोर्ससहित १२७, नेपाल प्रहरीका १३३ र सशस्त्र प्रहरी बल, नेपालका १७७ गरी ४३७ जना सुरक्षाकर्मी र नेपाली सेनाको चारवटा हेलिकोप्टर प्रभावित क्षेत्रमा परिचालन गरिएको छ,' प्रधानमन्त्री शाहले भनेका छन् ।

■ ■ ■

## कसरी आयो...

इसिमोडका महानिर्देशक पेमा ग्याम्छोले रसुवा-गियरोङ विपद्को केही समयपछि भएको यो घटनाले पर्वतीय क्षेत्रका समुदाय र नदी करिडोरमा रहेका बस्ती प्राकृतिक विपद्को उच्च जोखिममा रहेको पुनः देखाएको बताए । इसिमोडका जलवायु तथा वातावरणीय जोखिमसम्बन्धी रणनीतिक नेतृत्वकर्ता छियाङगङ झाङले प्रारम्भिक विश्लेषणले पहिरोले बनाएको अस्थायी नदी अवरोध फुटेर गेग्रानयुक्त बाढी आएको हुनसक्ने देखाएको बताए । झाङका अनुसार भिरालो पर्वतीय जलाधार क्षेत्रमा पहिरो र नदी प्रणालीको एकीकृत अनुगमन आवश्यक छ । यस्ता क्षेत्रमा विपद् छिटो विकसित हुनसक्ने र त्यसको प्रभाव नदीको तल्लो तटीय क्षेत्रसम्म पुग्नसक्ने भएकाले जोखिमको समग्र मूल्यांकन गर्नुपर्ने उनको भनाइ छ ।

■ ■ ■

## साउदीमा हुथीका...

यद्यपि, आक्रमण थप लम्बिए ठूलो संख्यामा कार्यरत नेपालीहरूको सुरक्षा तथा रोजगारी प्रभावित हुनसक्ने देखिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा नेपालबाट एक लाख २४ हजार ५८३ जना श्रम स्वीकृति लिएर साउदी गएको तथ्यांक छ । यो तथ्यांक हेर्दा दैनिक औसतमा ३४० भन्दा बढी नेपाली रोजगारीको खोजीमा उक्त मुलुक गएको देखिन्छ । हाल त्यहाँ चार लाखभन्दा बढी नेपाली कार्यरत रहेका छन् । उनीहरू त्यहाँ निर्माण, सरसफाइ, ढुवानी, सेवालगायतका क्षेत्रमा काम गर्छन् ।

कुनै पनि मुलुकमा कार्यरत श्रमिकको अवस्था गन्तव्य मुलुकको शान्ति सुरक्षासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । गत मार्चमा पश्चिम एसिया तनावग्रस्त हुँदा नेपालले त्यहाँ जाने श्रमिकको श्रम स्वीकृति रोकेको थियो । साथै, भिसा लागेका श्रमिकको उडान रोकिनुका साथै कतिपयको रोजगारी पन गुमेको थियो । यमनले पछिल्लो पाँच सातामा साउदीले गरेको आक्रमणमा आफ्ना ९१ जना नागरिकको ज्यान गएको दाबी गरेको छ । साउदीले पनि शनिबारको आक्रमणको जवाफ दिने प्रतिक्रिया दिँदै आएको अवस्थामा यदि युद्ध चर्किए त्यहाँ कार्यरत श्रमिकको रोजगारी प्रभावित हुने सम्भावना देखिएको छ ।

■ ■ ■

## उपसभापतिमा...

तर, आचार्यले आफ्नो पक्षमा चुनावी परिणाम पारे । अन्य उम्मेदवारहरूमा सुरेन्द्रराज पाण्डेले एक हजार ६७३ मत, धनराज गुरुङले एक हजार ५९६ मत, दीपक गिरीले ९२३ मत र प्रा.डा. चन्द्रमोहन यादवले ७६० मतमात्रै पाएको निर्वाचन समितिले जनाएको छ ।

समावेशी उपसभातिमा विनोद चौधरी निर्वाचित भएका छन् । उनी उद्योगपति हुन् । एक हजार ७४५ मतसहित उनी समावेशी उपसभापति निर्वाचित भए । उनलाई पूर्वसहमहामन्त्री जीवन परियारले कडा टक्कर दिए । परियारले एक हजार ६५८ मत पाए । फरमुला मंसुरले एक हजार १४४ मत, सीता गुरुङले एक हजार ११२ मत र रञ्जित कर्णले ५६२ मतमात्रै जुटाउन सके ।

दुई खुला महामन्त्रीमा प्रदीप पौडेल र उदयशमशेर राणा विजयी भएका छन् । पौडेल फराकिलो मतान्तरसहित विजयी भएख । उनले चार हजार १९४ मत पाए । अर्का विजेता राणाले दुई हजार हजार ३३० मत पाए । महामन्त्री पदका अन्य उम्मेदवारहरू डा. सुनिलकुमार शर्माले दुई हजार २५७ मत, गुरुराज घिमिरेले एक हजार ५१३, अमरसिंह पुनले एक हजार १२५, नैनसिंह महरले एक हजार १३४ तथा शंकर तिवारीले १२३ मत पाए ।

यस्तै, महिला महामन्त्रीमा डा. डिला संग्रौला निर्वाचित भएकी छन् । उनलाई महालक्ष्मी उपाध्याय 'डिना'ले चुनौती दिएकी थिइन् तर परिणाम हात पारिन् । निर्वाचन समितिका अनुसार संग्रौलाले तीन हजार ११८ मत, डिनाले दुई हजार ८६४ र रीता खनालले ८०४ मत प्राप्त गरे । खुला सहमहामन्त्रीमा नेता रामहरि खतिवडाको अग्रता देखिएको छ । यो समाचार तयार पार्दासम्म मतगणना भइरहेको छ । खुला महिला केन्द्रीय सदस्यको पनि मतगणना थालिएको निर्वाचन आयोगका सदस्य सुजन लोप्चनले बताए ।

यसअघि नै पार्टी सभापतिमा गगनकुमार थापा निर्वाचित भइसकेका छन् । सभापतिमा थापा छ हजार ५८४ मतसहित शनिबार नै निर्वाचित भएका थिए । उनका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत ल्याएका थिए । सात हजार ३१७ महाधिवेशन प्रतिनिधि रहेकामा सात हजार ३९ जनाले मतदान गरेका थिए ।

उपसभापतिमा पराजित भएपछि नेता गिरीले अपेक्षित परिणाम नआए पनि कांग्रेस बदल्ने संकल्प नछोड्ने बताएका छन् । आइतबार सामाजिक सञ्जालमार्फत हार स्वीकार गर्दै उनले परिवर्तनको बाटो नछोड्ने बताएका हुन् । 'चारतारे झण्डा र रुखको छहारीमा, साथीहरूसँग हातेमालो गर्दै नेपाली कांग्रेसको संगठनलाई अझ बलियो, एकताबद्ध र जनमुखी बनाउन आफ्नो यात्रा निरन्तर अघि बढिरहने छ,' उनले बताएका छन् ।

महामन्त्री पदका उम्मेदवार पुनले पनि निर्वाचनको परिणाम स्वीकार्दै पार्टी रूपान्तरणको अभियानबाट पछि नहट्ने बताएका छन् । महामन्त्री पदको निर्वाचनमा अपेक्षित परिणाम हासिल गर्न नसक्ने अवस्था बनेपछि पुनले आफ्नो उम्मेदवारी कुनै पद प्राप्तिका लागिमात्र नभई कांग्रेसलाई बदल्ने र नयाँ राजनीतिक संस्कार स्थापित गर्ने उद्देश्यले रहेको बताएका छन् । 'म निर्वाचनको परिणामलाई स्वीकार गर्छु तर परिवर्तनको आवश्यकतालाई बिर्सिन सक्दिनँ । पद प्राप्त नहुँदैमा विचार त्यागिँदैन, परिणाम प्रतिकूल हुँदैमा जिम्मेवारी समाप्त हुँदैन,' उनले भने ।

■ ■ ■

## पहिरोले घेरिएको...

'हाम्रो आँखाले पहिरो हेर्दा पाउद्धार गाउँ बस्नयोग्य होलाजस्तो लागेको छैन,' जसलालले भने, 'सरकारले छिटो भूगर्भविद् ल्याएर अध्ययन गरिदिए ढुक्क हुने थियौं ।' भिरालो पाखोमा ढुंगाले बनेका घरहरू गुजमुज्ज रहेका पाउद्धारमा साविक शिख गाविसका तीनवटा वडा समेटिएका थिए । अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष दिवा तिलिजा पुनका अनुसार २०० भन्दा बढी घरपरिवारको बसोबास रहेको यो बस्ती अहिले पहिरोले घेरिएको छ । गाउँको भौगोलिक अवस्था र पहिरोको जोखिमका कारण स्थानीयवासी अलमल र अन्योलमा परेका उपाध्यक्ष पुनले बताइन् ।

### गाउँमा दिनभरि, आश्रयस्थलमा रात

पहिरोको त्रासका कारण पाउद्धारका केही बासिन्दा घर छाडेर आश्रयस्थलमा बसे पनि घरगोठमा रहेका पशुचौपायाको हेरचाहका लागि गाउँ आवतजावत गर्न बाध्य छन् । पाउद्धारकी रमाया तिलिजा बिहानै घर पुगेर गाईवस्तुलाई घाँसपानी दिने र साँझ परेपछि पहिरोको डरले पुनः घारस्थित आश्रयस्थलमा फर्किएर सुत्ने गर्छिन् ।

सोमप्रसाद तिलिजाको घरछेउमै पहिरो आएको छ भने घरको एउटा कोठासमेत भत्किएको छ । यस्तो अवस्थामा घरमै बसेर दैनिक जीवनयापन गर्न कठिन भएको उनले बताए । 'गाउँमा फर्किएर सुरक्षित तरिकाले बस्न सकिन्छ जस्तो लागेकै छैन,' उनले भने, 'सरकारले सुरक्षित ठाउँ खोजेर बसोबासको व्यवस्था मिलाइदिए हुन्थ्यो ।'

पाउद्धारवासीको माग गाउँ बस्नयोग्य छ वा छैन भन्ने विषयमा प्राविधिक अध्ययन गरी स्पष्ट निष्कर्ष निकाल्नुपर्ने भन्ने छ । भूगर्भविद्को टोलीबाट बस्तीको अध्ययन गराएर प्राप्त प्रतिवेदनका आधारमा पुनःस्थापना वा स्थानान्तरणको योजना बनाउनुपर्ने उनीहरूको भनाइ छ ।

### सडक, सञ्चार र विद्युत् सम्पर्कविहीन बस्ती

असोज ११ गतेदेखि पाउद्धार सडक, सञ्चार र विद्युत् सुविधाबाट विच्छेद भएको छ । बस्तीको अवस्था र पहिरोबाट भएको क्षतिको स्थलगत निरीक्षण गर्न स्थानीय जनप्रतिनिधिबाहेक सरकारी निकायका टोलीसमेत सहजरूपमा पुग्न सकेका छैनन् ।

अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष पुनका अनुसार घार हुँदै पाउद्धार जाने पदमार्ग सामान्य मर्मत गरेर आवतजावत गर्न मिल्ने बनाइएको छ । यद्यपि, पहिरोको जोखिम कायम रहेकाले बस्तीमा सहज र सुरक्षित आवागमनको अवस्था छैन । 'बस्नलायक नभएका घरका मानिसलाई उद्धार गरेर आश्रयस्थलमा राखेका छौं । गाउँमा भएकाहरू पनि पहिरोको त्रासमा छन्,' उनले भनिन् । मौजुदा खाद्यान्न सकिएपछि गाउँमा भएकाहरूलाई समस्या पर्न थालेको छ ।

बस्तीको वास्तविक अवस्था, पहिरोको फैलावट र जोखिमको प्राविधिक मूल्यांकन हुन नसक्दा स्थानीयवासीले आफ्नो भविष्यबारे निर्णय गर्न सकेका छैनन् । तत्काल सुरक्षित बसोबासको व्यवस्था गर्नुका साथै दीर्घकालीन समाधानका लागि सरकारले पहल गर्नुपर्ने उनीहरूको माग छ ।

### भूगर्भविद्को अध्ययनपछि पुनःस्थापनाको योजना

गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, जिल्ला समन्वय समितिकी कार्यवाहक प्रमुख डिलकुमारी खत्री, प्रमुख जिल्ला अधिकारी गणेश गैरे र प्रहरी नायब उपरीक्षक राजन कार्कीसहितको टोलीले गत हप्ता घारस्थित अस्थायी आश्रयस्थलको निरीक्षण गरेको थियो । टोलीसमक्ष पाउद्धारवासीले आश्रयस्थलको बसाइ र व्यवस्थापनप्रति सन्तुष्टि व्यक्त गर्दै छिट्टै गाउँ फर्किने वा अन्यत्र स्थानान्तरण हुने वातावरण मिलाइदिन आग्रह गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी गैरेले पाउद्धारसहित अन्नपूर्ण गाउँपालिकाका पहिरो प्रभावित क्षेत्रको अध्ययन गर्न भूगर्भविद्को टोली परिचालन गर्ने तयारी भइरहेको बताए । 'छिट्टै पाउद्धारलगायत अन्नपूर्ण गाउँपालिकाका सबै पहिरोको अध्ययनका लागि भूगर्भविद्को टोली परिचालन गर्दै छौं,' उनले भने, 'प्राविधिक टोलीको प्रतिवेदन र सुझावअनुसार पुनःस्थापना तथा पुनर्निर्माणका योजना कार्यान्वयन गर्छौं ।' प्राविधिक अध्ययनबाट बस्तीको जोखिम पहिचान भएपछि मात्रै सुरक्षित बसोबास, पुनःस्थापना वा स्थानान्तरणका विषयमा ठोस निर्णय लिन सकिने सरकारी अधिकारीहरूको भनाइ छ । त्यसैले पाउद्धारवासी अहिले आफ्नो गाउँको भविष्य निर्धारण गर्ने प्राविधिक अध्ययनको प्रतीक्षामा छन् । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०२/१० मा दर्ता भएको प्रा.लि.नं.२१४९१७ को **पम्फा पोल्ट्री सप्लार्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/०७/१९ दर्ता भएको **दर्ता नं. १७७४८६/०७४/०७५** को **युना कृषि फार्म प्रा. ली.** को मिति २०८३/०६/२५ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६५/०७/११ दर्ता भएको **दर्ता नं. ५७१०६/०६५/०६६** को **खड्का स्टोर प्रा. ली.** को मिति २०८३/०६/२५ मा एकल शेयरधनीको विशेष बैठकबाट प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०२/२९ दर्ता भएको **दर्ता नं. १९१५३३/०७४/०७५** को **जय बराह विल्डर्स प्रा. ली.** को मिति २०८३/०६/२५ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कर्णाली एक्सपोर्टस् प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०४/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **कर्णाली एक्सपोर्टस् नेपाल प्रा.लि. (प्रा.लि.नं. २७७१६५/०७८/०७९)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/२५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्युरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।
**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५ मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**

**काई लुन इन्नोभेसन प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०४/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **काई लुन इन्नोभेसन प्रा.लि. (प्रा.लि.नं. १८६२२३/०७४/०७५)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/२५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्युरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।
**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५ मो.नं. ९८४१५२७४२२, ९८१३२४४६५५**

**हकदावीको सूचना**

लुम्बिनि प्रदेश, दाङ जिल्ला, शान्तिनगर गाउँपालिका, वडा नं. ३ पातेटाकुरा टोल (स्थायी प्युठान जिल्ला, सारी गा.बि.स,वडा नं.३) मा बस्ने श्री जयराम भण्डारीको नाती, श्री छविलाल भण्डारीको छोरा, श्री माधव प्रसाद भण्डारीको मिति २०८३/०५/३० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.०३१०५०५०२८४८३७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी श्रीमती डम्मी देबी भण्डारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
**शाखा कार्यालय, तुलसीपुर, दाङ**
**फोन न.: ०८२-५२१६१३, ५२१६१४**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २६ असोज, २०८३**

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| **कर्कट** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| **कन्या** | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृश्चिक** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| **मकर** | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| **कुम्भ** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| **मीन** | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ असोज, २०८३ (१२ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.४८ | १५५.०८ |
| युरो | १ | १७३.३२ | १७३.९९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५५ | २०५.३५ |
| स्विस फ्रैन्क | १ | १८५.९२ | १८६.६४ |
| अस्ट्रेलियन डलर | १ | १०७.८३ | १०८.२५ |
| क्यानाडियन डलर | १ | १०८.५७ | १०८.९९ |
| सिङगापुर डलर | १ | १२०.६८ | १२१.१५ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०८ | २३.१७ |
| साउदी अरब रियाल | १ | ४१.१५ | ४१.३१ |
| कतारी रियाल | १ | ४२.४२ | ४२.५८ |
| थाई भाट | १ | ४.६१ | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०६ | ४२.२३ |
| मलेसियन रिङेट | १ | ३७.८२ | ३७.९६ |
| दक्षिण कोरियन वन | १०० | ११.५२ | ११.५६ |
| स्विडिस क्रोनर | १ | १५.५१ | १५.५७ |
| डेनिस क्रोनर | १ | २३.१९ | २३.२८ |
| हङकङ डलर | १ | १९.६९ | १९.७६ |
| कुवेती दिनार | १ | ५०१.३१ | ५०३.२६ |
| बहराइन दिनार | १ | ४०९.११ | ४१०.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ‘पदम श्रेष्ठ स्मृति ग्रन्थ’ सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकार एवं लेखक पदम श्रेष्ठको स्मृतिमा ‘पदम श्रेष्ठ स्मृति ग्रन्थ’ प्रकाशित भएको छ। आइतबार टेकुस्थित पचलीभैरवमा रहेको नेपाली लोकबाजा संग्रहालयमा एक समारोहबीच पुस्तक लोकार्पण गरिएको हो।

स्वर्गीय पत्रकार श्रेष्ठको व्यक्तित्व, कृतित्व, संघर्ष र समाजमा पुऱ्याएको योगदानको अभिलेखीकरण गर्न प्रकाशन ल्याइएको पुस्तक शम्भू श्रेष्ठ र रसिला तामाङले सम्पादन गरेका छन्। श्रेष्ठको जन्मजयन्तीको अवसर पारी आइतबार घटस्थापनाका दिन पुस्तक सार्वजनिक गरिएको उक्त स्मृतिग्रन्थ प्रकाशनार्थ गठित प्रकाशन समूहले जानकारी दिएको छ।

कार्यक्रमको अध्यक्षता ८४ वर्षीय ज्येष्ठ पत्रकार प्रेमनाथ जोशीले गरेका थिए। कार्यक्रममा स्वर्गीय श्रेष्ठकी आमा सीतादेवी श्रेष्ठसहित परिवारका सदस्यहरू, पत्रकार, साहित्यकार, सामाजिक व्यक्तित्व तथा शुभेच्छुकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेपाली लोकबाजा संग्रहालयका संस्थापक रामप्रसाद कँडेलले स्वर्गीय पत्रकार श्रेष्ठको योगदानबारे चर्चा गरेका थिए। उनले पदम पत्रकारभन्दा बढी संस्कृतिप्रेमी रहेको उल्लेख गर्दै संस्कृतिप्रतिको उनको मोह र उनले गरेका काम सम्झनायोग्य रहेको बताए।

पत्रकार एवं घोस्ट राइटर नेपालका संस्थापक कमल ढकालले पुस्तकमा समेटिएको विषयवस्तु, स्वर्गीय पत्रकार श्रेष्ठको व्यक्तित्व तथा उनले समाजमा पुऱ्याएको योगदानको विषयमा चर्चा गरे। पुस्तकका सम्पादकद्वय श्रेष्ठ तथा तामाङले पुस्तक प्रकाशन गर्नुको औचित्य र प्रकाशनमा समेटिएका विषयहरूको बारेमा जानकारी दिएका थिए। छाटो समयभित्र स्मृतिग्रन्थ प्रकाशन गर्नुपर्दा विभिन्न कठिनाइ भोग्नुपरे पनि स्वर्गीय पत्रकार श्रेष्ठलाई सम्झनामा राखिराख्ने कृति तयार पार्न सफल भएको उनीहरूको भनाइ थियो।

स्मृतिग्रन्थमा श्रेष्ठको जीवनयात्रा, उनको व्यक्तित्व, सामाजिक सम्बन्ध, संघर्ष र उनका प्रकाशित कृतिहरूबारेसमेत जानकारी समेटिएको छ। साथै, उनका सहकर्मी तथा विभिन्न क्षेत्रका व्यक्तिले स्वर्गीय श्रेष्ठको स्मृतिमा लेखिएका संस्मरणहरू स्मृतिग्रन्थमा समेटिएका छन्। प्रभाव दैनिकका नियमित स्तम्भकारसमेत रहेका पत्रकार श्रेष्ठको गत फागुन १३ गते अल्पायुमै निधन भएको थियो।

# हनुमानढोकाको दसैं घरमा विधिवत् घटस्थापना

■ प्रभाव संवाददाता



**काठमाडौं–** हनुमानढोकास्थित दसैं घरमा बिहान ११:४७ को शुभ साइतमा वैदिक विधिपूर्वक घटस्थापना गरिएको छ। हनुमानढोकामा पुरातत्त्व विभागअन्तर्गतको दरबार हेरचाह अड्डाले दसैं घरमा दियो, कलश र गणेश स्थापना गरी विधिपूर्वक घटस्थापना गरेको हो।

घटस्थापनासँगै आइतबार यहाँ राखिएको जमरा विजयादशमीका दिन बिहान देवी विसर्जन गरेपछि प्रसादका रूपमा राष्ट्रपति कार्यालयमा लैजाने गरिन्छ। गणतन्त्र स्थापना हुनुअघि हनुमानढोका दसैं घरको घडाको जल, जमरालगायत टीका प्रसाद राजदरबार लगिन्थ्यो।

हनुमानढोकाको दसैं घरमा राखिएको जमरालगायत टीका प्रसाद ग्रहण गर्न चाहनेका लागि वितरण पनि गर्ने गरिएको छ। हनुमानढोका दरबारको दसैं घरसँगै नेपालीले आ-आफ्ना घरको पूजा कोठा वा दसैं घरमा घटस्थापना गरेका छन्। घटस्थापनासँगै आइतबारदेखि हिन्दूको महान् पर्व बडादसैं सुरु भएको छ। कुनै स्थान र समुदाय विशेषमा भने आश्विन शुक्ल द्वितीयाको रातिको जुन हेरेरमात्र घटस्थापना गरी जमरा राख्ने प्रचलन रहेकोसमेत जनाइएको छ।

## पहिलो दिन गरियो शैलपुत्रीको पूजा, आराधना

नवरात्रको पहिलो दिन आइतबार नवदुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको पूजा आराधना गरिएको छ। देवीले महासरस्वती, महाकाली र महालक्ष्मीको रूप लिएर फरक-फरक काम गर्ने शास्त्रीय मान्यता छ।

तीन रूप लिएर काम गर्ने नवदुर्गा, अष्टमातृका, कुमारी आदिले सहयोगको भूमिका निर्वाह गर्ने भएकाले पहिलो दिन आइतबार शैलपुत्री देवीको पूजा आराधना गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले जानकारी दिए।

> नवरात्र सुरु भएसँगै देशभरका शक्तिपीठमा भक्तजनको घुइँचो लागेको छ। घटस्थापनाका दिन आइतबार सार्वजनिक बिदा परेकाले पनि शक्तिपीठमा भक्तजनको लाम लागेको हो। नवरात्र शक्ति उपासनाका लागि विशेष पर्वका रूपमा मनाइन्छ।

पहिलो दिन आइतबार दुई वर्षकी कन्यालाई कुमारीका रूपमा पूजा गरिएको छ। दोस्रो दिनदेखि तीन, चार गरेर महानवमीका दिन १० वर्षकी कन्याको पूजा गर्ने विधि रहेको पनि उनले बताए।

नवरात्र सुरु भएसँगै देशभरका शक्तिपीठमा भक्तजनको घुइँचो लागेको छ। घटस्थापनाका दिन आइतबार सार्वजनिक बिदा परेकाले पनि शक्तिपीठमा भक्तजनको लाम लागेको हो। नवरात्र शक्ति उपासनाका लागि विशेष पर्वका रूपमा मनाइन्छ। उपत्यकाका गुह्येश्वरी, नक्साल र शोभा भगवती, कालिकास्थान, भद्रकालीलगायत देवीस्थानमा भक्तजनको लाम लागेको जनाइएको छ। शक्तिपीठमा उज्यालो बत्तीले झिलीमिली बनाइएका कारण बेलुका देवीको आरतीमा पनि धेरै भक्तजनको लाम लाग्ने गरेको छ।

आइतबारदेखि आश्विन शुक्ल नवमी आर्थात् महानवमीका दिनसम्म प्रत्येक दिन छुट्टाछुट्टै देवीको विशेष आराधना गर्ने विधि छ। स्थानविशेष र समुदाअनुसार कतै आश्विन शुक्ल सप्तमी, कतै महाअष्टमीका दिनदेखि विशेषरूपमा देवीको पूजा आराधना गर्ने परम्परासमेत छ।

वर्षमा चार नवरात्र परे पनि आश्विन शुक्ल पक्षमा विशेष आराधना गर्ने भएकाले यसलाई बडादसैं भनिन्छ। पुस, चैत र असारमा पर्ने नवरात्रलाई लुप्त पर्वका रूपमा मनाउने गरिन्छ। यसमध्ये चैतमा पर्ने नवरात्रमा भने चैते दसैं मनाउने परम्परा रहेको छ।

# शिक्षा विधेयकमा निजी विद्यालयको लगानी सुरक्षाबारे बहस

**ललितपुर–** शिक्षा विधेयकमा निजी विद्यालयको लगानी सुरक्षा, नीतिगत सहभागिता र शैक्षिक गुणस्तरका विषयलाई स्पष्टरूपमा सम्बोधन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), ललितपुर जिल्ला कार्यसमितिले आइतबार आयोजना गरेको बृहत् शैक्षिक बहसमा सहभागी वक्ताहरूले शिक्षा क्षेत्रको सुधारका लागि राज्य र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए।

बहसमा प्रतिनिधिसभा सदस्य कुसुम महर्जनले सरकार र निजी क्षेत्र एकअर्काका परिपूरक भएकाले शिक्षा क्षेत्रका समस्या समाधान गर्न संवाद र सहकार्य आवश्यक रहेको बताए। उनले निजी विद्यालयमा छोराछोरी पढाउने सबै अभिभावक आर्थिकरूपमा सम्पन्न नहुने उल्लेख गर्दै अभिभावकको त्याग र अपेक्षाअनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालकलाई आग्रह गरे।

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले निःशुल्क शिक्षाको अर्थ शुल्क नलाग्नेमात्र नभई सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितता हुनु रहेको बताए। शिक्षाका लागि आवश्यक स्रोत करदाताले तिरेको करबाट जुटाइने उल्लेख गर्दै उनले सबै भौगोलिक क्षेत्र र आर्थिक अवस्थाका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व राज्यको भएको बताए। कक्षा १२ सम्म निःशुल्क तथा अनिवार्य शिक्षाको अवधारणाबारे चर्चा गर्दै उनले निजी विद्यालयले पनि शैक्षिक गुणस्तर सुधारमा योगदान गरिरहेको बताए। राज्यको दीर्घकालीन शिक्षा नीतिले निजी विद्यालयको भविष्य र अभिभावकको विद्यालय छनोटको अधिकारलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक रहेको उनको भनाइ थियो।

प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्ण अधिकारीले शिक्षा क्षेत्रमा निजी क्षेत्रले ठूलो लगानी र जिम्मेवारी बहन गरिरहेको उल्लेख गर्दै लगानीको सुरक्षा तथा नीतिनिर्माणमा सहभागिता सुनिश्चित गर्न माग गरे। प्रि-स्कुलदेखि कक्षा १२ सम्मका साथै प्राविधिक तथा व्यावसायिक शिक्षामा निजी क्षेत्रले करिब ४१ प्रतिशत भार वहन गरिरहेको दाबी गरे। संविधानले सम्पत्तिको हक र समानताको प्रत्याभूति गरेको उल्लेख गर्दै उनले स्वदेशी शैक्षिक उद्यमीको लगानी सुरक्षाका लागि पनि स्पष्ट नीतिगत व्यवस्था हुनुपर्नेमा जोड दिए। *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२६ गते**

यस कम्पनीको मिति २०८३/०६/१८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भोयज ग्लोबल एजुकेसन प्रा.लि.**को नाम परिवर्तन गरी **आराकावा करियर कन्सल्टेन्सी प्रा.लि.(दर्ता नम्बर २८७१८९)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/११/२९ मा दर्ता भएको प्रा.लि.नं.२१४९१७ को **रंगेली कृषि फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०९/०१ मा दर्ता भएको **प्रा.लि.नं. १२९६३४/०७१/०७२** को **एन.वि.सी. ईलेक्ट्रिक सर्भिस सेन्टर प्रा. लि.** को मिति २०८३/०६/२५ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः रमेश हरि अधिकारी,**
**इजाजत पत्र नं. ५४७, सम्पर्क ९८४२६३८३६७**

## नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**गुजरगानो र चुत्रो (हर्ब्स प्रशोधन) प्रशोधन उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८३/०६/२६)**

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला,मानेभञ्जयाङ्ग गा.पा.- ७ हर्कपुर मा हाओचेङ बायोटेक्नोलोजी प्रा.लि. ओखलढुङ्गा जिल्ला मानेभञ्जयाङ्ग गा.पा.- ७, हर्कपुरद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नामः हाओचेङ बायोटेक्नोलोजी प्रा.लि.<br>(ख) ठेगानाः मानेभञ्जयाङ्ग न.पा. - ७ हर्कपुर ओखलढुङ्गा जिल्ला कोशी प्रदेश, नेपाल<br>(ग) इमेलः marcussin2011 @gmail.com<br>(घ) फोन नः ९८१३४६००२३ |
| प्रस्तावको व्यहोरा | गुजरगानो र चुत्रो प्रशोधन (हर्ब्स प्रशोधन) उद्योग सञ्चालन कार्य |
| प्रभाव पर्ने वा प्रभाव पर्न सक्ने जिल्ला वा गा.पा.वा न.पा. | मानेभञ्जयाङ्ग न.पा - ७ हर्कपुर ओखलढुङ्गा जिल्ला कोशी प्रदेश, नेपाल |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, तथा, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा.तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नामः हाओचेङ बायोटेक्नोलोजी प्रा. लि.<br>(ख) ठेगानाः मानेभञ्जयाङ्ग न.पा.- ७ हर्कपुर ओखलढुङ्गा जिल्ला कोशी प्रदेश, नेपाल<br>(ग) इमेलः marcussin2011 @gmail.com<br>(घ) फोन नः ९८१३४६००२३ |
| परामर्शदाताको नाम र ठेगाना | नामः एकिकृत सिर्जनशील नेपाल<br>इमेलः iinepal2072@gmail.com.np फोन नंः ९८४४०२९००० |

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

## तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

**प्रकाशिन मितिः २०८३/०६/२६**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले मोबाइल/स्मार्ट फोन कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक टेलिफोन मार्फत मौखिक रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीहरुलाई सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं प्रचलित कानून बमोजिम अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशानूसार ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी जिल्ला | जारी मिति | बाबुको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | नवराज राई | ०४-०१-७५-०५३९७ | झापा | २०७५/०५/०४ | अर्जुन बहादुर राई | हरि बहादुर राई | अर्जुनधारा-११, झापा |
| व्यक्तिगत जमानीकर्ता | सुमन लिङ्देन लिम्बु | ०३-०२-७५-००२७९ | इलाम | २०७५/०२/२३ | भीमचन्द्र लिम्बु | हर्क लिम्बु | देउमाई-९, इलाम |
| २ | निकेश राउत कुर्मी | ३३२०११/३७३६० | बारा | २०६९/१२/२० | महेश्वर राउत कुर्मी | सुकदेव राउत कुर्मी | निजगढ, वडा नं. ४, बारा |
| व्यक्तिगत जमानीकर्ता | रटन पासवान | ३३-०४-७६-००७५७ | कोल्हबी बारा | २०७६/०६/०२ | राम जनम हजरा | गणेश हजरा | कोल्हबी, वडा नं. १०, बारा |
| ३ | ओम बहादुर बि.क. | ३६२००९/६४२ | नवलपरासी | २०७२/०६/१३ | नर बहादुर विश्वकर्मा | इमान विश्वकर्मा | भरतीपुर-०३, नवलपरासी |
| व्यक्तिगत जमानीकर्ता | लक्ष्मी विश्वकर्मा | ७७-०१-७९-०७६२० | नवलपरासी बर्दघाट सुस्ता पूर्व | २०७९/०९/२० | धन बहादुर बि.क. | वीर बहादुर बि.क. | कावासोती-६, नवलपरासी |
| ४ | भक्त बहादुर झामी मगर | २६१/४४३६५ | धादिङ | २०६८/०१/१३ | पक बहादुर थापा मगर | बुद्धि बल थापा मगर | गल्छी-८, धादिङ |
| व्यक्तिगत जमानीकर्ता | राधा ग्यामी मगर | २६२०५०/३८५ | धादिङ | २०७०/०२/०२ | कृष्ण बहादुर पुलामी | हरि बहादुर पुलामी | गोगनपानी-१, धादिङ |
| ५ | रुबिन थापा | २६-०१-७८-१३१७९ | धादिङ | २०७८/१२/०७ | श्याम बहादुर थापा | कृष्ण बहादुर थापा | थाके-७, धादिङ |
| व्यक्तिगत जमानीकर्ता | रुबिना थापा | २६-०१-७७-०२४४६ | धादिङ | २०७७-०८-१८ | श्याम बहादुर थापा | कृष्ण बहादुर थापा | थाके-७, धादिङ |
| ६ | सनाउल्लाह अंसारी | १९१०५८/७० | सर्लाही | २०६७/०४/१८ | ननीर उदिन अन्सारी | कलाम हुसैन | लक्ष्मीपुर कोद्राहा-९, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | हजरा खातुन | १९-०१-७४-०८३७६ | सर्लाही | २०७४/०८/०४ | इनुस अंसारी | कलाम हुसैन | चन्द्रनगर-५, सर्लाही |
| ७ | पारस कुमार यादव | १७-०१-८१-००६८७ | धनुषा | २०८१/०१/२० | शिव सागर यादव | राधेश्याम यादव | औरही-१, धनुषा |
| व्यक्तिगत जमानीकर्ता | युसुफ अंसारी | १८२०६९/६२४ | महोत्तरी | २०६८/०४/२३ | मसलाउदिन मोमिन | आसिफ अन्सारी | गौशाला-५, महोत्तरी |
| ८ | सूर्य बहादुर तामाङ | २५१०१८/२०६८११४६ | नुवाकोट | २०६८/०७/२८ | पूर्ण तामाङ | लासप तामाङ | दुप्चेश्वर-६, नुवाकोट |
| व्यक्तिगत जमानीकर्ता | निरुता तामाङ | २५१०३५/१३० | नुवाकोट | २०६६/०४/०३ | श्याम बहादुर तामाङ | पल्टन तामाङ | हल्देकालिका-९, नुवाकोट |
| ९ | आश कुमार दास | ३२-०१-८०-०४३१३ | रौतहट | २०८०/०४/११ | जोधी दास तत्मा | प्रजित दास | फतुहा विजयपुर-७, रौतहट |
| व्यक्तिगत जमानीकर्ता | चन्देश्वर दास तत्मा | ३२-३-७३-१५ | रौतहट | २०७३/०७/११ | अनुठा दास तत्मा | प्रितम साद | फतुहाहर्षहा-२, रौतहट |
| १० | वीरेन्द्र यादव | १५-०१-६९-०२५८६ | सिरहा | २०६९/०६/२९ | राम अतार यादव | गोसाई यादव | मझौरा-३, सिराहा |
| व्यक्तिगत जमानीकर्ता | दिनेश गिरी | १५२००५/१२०४४ | लाहान सिराहा | २०६९/१२/२८ | उदय चन्द गिरी | नागेश्वर गिरी | लाहान-५, सिराहा |
| ११ | समीर बस्नेत | ३३-०२-८१-००९९० | बारा | २०८१/०३/१३ | दुर्गा बहादुर बस्नेत | चित्र बहादुर बस्नेत | जितपुर सिमरा-२, बारा |
| व्यक्तिगत जमानीकर्ता | अविनाश अधिकारी | ३३२१०१/४२८७१ | बारा | २०७१/१२/०४ | ध्रुव प्रसाद अधिकारी | भवोनाथ अधिकारी | गढीमाई-१६, बारा |
| १२ | स्मिता गुरुङ | ११०७ ललितपुर | सङ्खुवासभा | २०६५/०३/०९ | नैन बहादुर गुरुङ | जस बहादुर गुरुङ | मादी-७, सङ्खुवासभा |
| व्यक्तिगत जमानीकर्ता | मिठु गुरुङ | २०८५/६३९०८ | सङ्खुवासभा | २०५३/०३/१२ | कविन्द्र बहादुर भण्डारी | राम बहादुर भण्डारी | मावादिन-३, सङ्खुवासभा |
| १३ | जय प्रकाश प्रसाद महतो | २८५७/२६०२ | बारा | २०५९/०५/२४ | पहवारी महतो नुनिया | द्वारिका महतो | दक्षिण झिटकैया-९, बारा |
| व्यक्तिगत जमानीकर्ता | बाल कुमार महतो | ३३-०१-७५-१०५०३ | बारा | २०७५/११/१५ | जम्दार महतो नुनिया | साधोलाल महतो | देवताल-३, बारा |
| १४ | आकाश घलान | ३१-०१-७८-०५६५५ | मकवानपुर | २०७८/०७/०९ | नमराज घलान | भक्त घलान | हेटौंडा-१३, मकवानपुर |
| व्यक्तिगत जमानीकर्ता | नन्दकुमारी कामी | १११०२१/११७१ | सोलुखुम्बु | २०६८/०९/१७ | छुना कामी | काले कामी | सल्लेरी-२, सोलुखुम्बु |
| १५ | सुकुबरी गोसाई | ३४१०२२/७०५१ | पर्सा | २०६६/०३/१६ | अमन गोसाई | सुखल गोसाई | वीरगन्ज-४, पर्सा |
| व्यक्तिगत जमानीकर्ता | कृष्ण कुमार तिवारी | ३४-०१-८०-०९८८४ | पर्सा | २०८०/०५/१३ | कामेश्वर तिवारी | बिकारी तिवारी | वीरगन्ज-५, पर्सा |
| १६ | सन्तोष कुमार महतो | १९-०१-७४-०७७४० | सर्लाही | २०७४-०७-२० | चंद किशोर महतो | लखन महतो | गोडैता-६, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | बौधनाथ महतो | १९-०१-७५-०९२७९ | सर्लाही | २०७५-०९-१९ | नारायण महतो | लखन महतो | गोडैता-६, सर्लाही |
| १७ | राजन साह | ३३-०१-७९-०३८७४ | बारा | ४/९/२०७९ | सिकेन्दर प्रसाद तेली | किशोरी साह | फेटा-३, बारा |
| व्यक्तिगत जमानीकर्ता | छोटेलाल पटेल | ३३१०८५/१९२२८ | बारा | ५/५/२०६८ | रामदत्त राउत कुर्मी | श्री किसुन राउत | फेटा-६, बारा |

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

**केन्द्रिय कार्यालय**
**हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७**
**फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४**
**इमेलः info@goodwill.net.np**

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### नदी करिडोरमा मडारिएको संकट

**रसुवाको भोटेकोशी नदीमा आएको विपद्को घाउमा मल्हम नलगाउँदै गोरखाको बूढीगण्डकी नदीमा देखिएको आकस्मिक बाढीले मुलुकलाई फेरि एकपटक झकझकाएको छ । आइतबार बिहान चुम्चेत नजिक पहिरोले नदी थुनिएर बनेको अस्थायी अवरोध फुट्दा आएको लेदो र गेग्रानयुक्त बाढीले उत्तरी गोरखाका चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा निम्त्याएको तहसनहसले हाम्रो भौगोलिक संवेदनशीलताको कहालीलाग्दो चित्र पेस गरेको छ । यस घटनामा पाँचजना सर्वसाधारण बेपत्ता हुनु, दर्जनौं घर, पक्की तथा झोलुंगे पुल, जलविद्युत् आयोजनालगायतमा पुगेको अपूरणीय क्षतिले केवल स्थानीय भूगोललाई मात्र प्रभावित गरेको छैन, समग्र राष्ट्रिय सुरक्षा र विकास नीतिमाथि गम्भीर प्रश्नचिह्न खडा गरेको छ ।**

**पछिल्लो समय नेपालका हिमाली तथा पहाडी नदी करिडोरहरूमा देखिन थालेका यस्ता प्रकृतिका आकस्मिक बाढीहरू जलवायु परिवर्तन र भू-बनोटको नाजुक अवस्थाका परिणाम हुन् । एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) ले समेत रसुवा-ग्यिरोङ विपद्लगत्तै यस्ता घटना दोहोरिनुले पर्वतीय क्षेत्रका नदी करिडोरहरूमा उच्च जोखिम रहेको औंल्याएको छ । जबसम्म भिरालो पर्वतीय जलाधार क्षेत्रमा पहिरो र नदी प्रणालीको वैज्ञानिक, नियमित तथा एकीकृत अनुगमन हुँदैन, तबसम्म तटीय क्षेत्रका बस्तीहरूमा मानवीय र भौतिक क्षतिको यो शृंखला रोकिने छैन । नदी थुनिने र अचानक फुट्ने प्रवृत्तिले क्षणभरमै सर्वस्व स्वाहा पार्ने यी घटनाले नेपालका अन्य नदी बेसिनहरूमा पनि जुनसुकै बेला यस्तै विपद् निम्तिन सक्ने खतराको घण्टी बजाएका छन् ।**

**विपद्पश्चात् गरिने उद्धार र राहत वितरणका काममात्रै पर्याप्त छैनन्, जबसम्म पूर्वसूचना प्रणाली र जोमिख न्यूनीकरणका दीर्घकालीन रणनीति बन्दैनन् । गोरखाको घटनामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सयौं सुरक्षाकर्मीहरूले हेलिकप्टरसहित गरेको उद्धार कार्य प्रशंसनीय छ, तर राज्यको यो सक्रियता विपद् घटेर क्षति भइसकेपछि मात्रै किन सक्रिय हुन्छ ? भन्ने प्रश्न गम्भीर छ । अब सरकारले केवल कागजी योजनामा सीमित नभई देशभरका नदी करिडोर र जोखिमयुक्त बस्तीहरूको विस्तृत वैज्ञानिक अध्ययन गर्नुपर्छ । उच्च जोखिममा रहेका बस्तीहरूको पहिचान गरी तिनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकता दिनु आजको मुख्य आवश्यकता हो ।**

**तसर्थ, यस संकटलाई सामान्य घटनाका रूपमा लिनु ठूलो भूल हुने छ । सरकारले तत्काल प्रभावकारी कदम चाल्दै देशभरका नदी जलाधार क्षेत्रहरूमा अत्याधुनिक अर्ली वार्निङ सिस्टम (पूर्वसूचना प्रणाली) जडान गर्नुपर्छ । साथै, निर्माणाधीन विकास आयोजनाहरू, जलविद्युत् गृहहरू र तटीय बस्तीहरूका लागि कूटनीतिक तथा प्राविधिक तहबाटै विशेष सुरक्षा मापदण्ड अनिवार्य गरिनुपर्छ । प्रकृतिको यो चेतावनीलाई बेवास्ता गरे भोलि देशले अझ ठूला र गम्भीर मानवीय क्षति ब्यहोर्नुपर्ने छ । समयमै सचेत भई दीर्घकालीन पूर्वतयारीमा जुट्न सम्बद्ध सबै निकायको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# पुनर्निर्माणमै अल्झिने भयो विकासको गति



■ यादव घिमिरे

> नेपाल प्राकृतिकरूपमा जोखिमपूर्ण भूभागमा अवस्थित छ, तर यो जोखिमलाई हाम्रो नीतिगत अकर्मण्यता, भ्रष्टाचार र भौतिक सम्पत्ति विनाश गर्ने अनियन्त्रित आक्रोशले झन् भयानक बनाइदिएको छ । परम्परागत सस्तो निर्माण र महँगो पुनर्निर्माणको नीति नसच्चिएसम्म नेपालको समृद्धिको सपना भाषणमै सीमित रहने छ । अबको आवश्यकता 'एकै पटक बनाउने, तर इतिहास थाम्न सक्ने दिगो बनाउने' रणनीति हुनुपर्छ, ताकि हाम्रा सन्ततिले विकासको वास्तविक फल चाख्न पाऊन् र देशको भविष्य सधैँभरि पुनर्निर्माणकै जगमा अल्मलिइरहनु नपरोस् ।

विगत साढे तीन दशकमा नेपालले प्राकृतिक तथा मानवसिर्जित विपद्का कारण झण्डै ४० हजारभन्दा बढी नागरिक र खर्बौं रूपैयाँको भौतिक पुँजी गुमाउनुपर्‍यो । मुलुक जबजब विकासको नयाँ गोरेटोतर्फ दोहोरो अंकको आर्थिक वृद्धिका साथ दुई कदम अगाडि बढ्छ, तबतब कुनै न कुनै महाविपद्ले तीन कदम पछाडि धकेलिदिन्छ । २०४८ सालको राजनीतिक परिवर्तनपछि नेपाली समाजमा एउटा साझा भाष्य नै निर्माण भएको थियो- देश अब आर्थिक समृद्धि र आधुनिक पूर्वाधारको बाटोमा तीव्र गतिमा अघि बढ्ने छ ।

प्रजातन्त्रको पुनर्स्थापना, दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य, राजतन्त्रको बहिर्गमन र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म आइपुग्दा नेपाली राजनीतिले कयौं ऐतिहासिक आरोहअवरोह पार गर्‍यो । राजनीतिक व्यवस्था र शासकीय स्वरूपहरू बदलिए, संरचनाहरू फेरिए, नयाँ संविधान जारी भयो र अनगिन्ती सरकारहरू बने । तर, विगत साढे तीन दशकको आर्थिक तथा भौतिक विकासको ऐना पल्टाएर हेर्ने हो भने एउटा तीतो, क्रूर र अकाट्य यथार्थ आँखा अगाडि छाउँछ; त्यो हो- हाम्रो नियति नयाँ विकास गर्नुभन्दा पनि भत्किएका संरचनाको पुनर्निर्माणमै अल्मलियो र देशको वास्तविक विकासको गति सधैँ रोकिइरहयो ।

हामीले बर्सेनि ठूला बजेट ल्याउँछौं, राष्ट्रिय गौरवका आयोजनाको शिलान्यास गर्छौं र समृद्धिका लामा भाषणहरू सुन्छौं । तर, तिनै पूर्वाधारहरूको आयु निर्धारण गर्ने जिम्मा भने मनसुनको बाढी या भू-गर्भको सामान्य कम्पनलाई सुम्पन बाध्य हुन्छौं । दुःखजिलो गरेर, वैदेशिक ऋण र नागरिकको करबाट ठडयाएका सार्वजनिक पूर्वाधारहरू अर्को वर्षको प्राकृतिक विपद् वा राजनीतिक दाउपेचको बलिवेदीमा होसिएर ध्वस्त हुन्छन् । परिणामस्वरूप, राज्यको ध्यान, पुँजी, जनशक्ति र समय नयाँ आधुनिक क्षितिज पहिल्याउनुको सट्टा पुराना भग्नावशेषहरूलाई ब्युँताउनमै बन्धक बन्ने गरेको छ । नेपाल सधैँ दुई कदम अगाडि बढ्ने र विपद्का कारण तीन कदम पछाडि धकेलिने एउटा यस्तो दुष्चक्रमा फसिरहेको छ, जसबाट उम्कने कुनै स्पष्ट मार्गचित्र अहिलेसम्म कोर्न सकिएको छैन ।

## प्राकृतिक महाविपद् र पुनर्निर्माणको भारी

२०४८ सालयताको कालखण्डलाई नियाल्दा नेपालले भू-गर्भीय संवेदनशीलताका कारण अकल्पनीय भौतिक र मानवीय क्षति बेहोर्नुपरेको छ । २०७२ साल वैशाख १२ गते गएको ७.६ म्याग्निच्युडको गोरखा महाभूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पहरू आधुनिक नेपालको इतिहासकै सबैभन्दा ठूलो मानवीय, भौतिक र आर्थिक क्षतिका कारण थिए । यस महाविपद्मा परेर आठ हजार ९७९ जना नेपालीले ज्यान गुमाए भने २२ हजारभन्दा बढी मानिस घाइते भए । भूकम्पले देशका ३१ जिल्लाका करिब छ लाख निजी घरहरू पूर्णरूपमा ध्वस्त बनायो भने दुई लाख ७० हजार घरमा आंशिक क्षति पुर्‍यायो । सात हजारभन्दा बढी विद्यालय भवन, अस्पताल, सरकारी कार्यालय र धरहरासहितका अमूल्य ऐतिहासिक विश्व सम्पदास्थलहरू क्षणभरमै भग्नावशेषमा परिणत भए ।

राष्ट्रिय योजना आयोगको 'राष्ट्रिय विपद् आवश्यकता आकलन प्रतिवेदन' अनुसार यस भूकम्पले देशलाई सात खर्ब छ अर्ब रूपैयाँबराबरको आर्थिक नोक्सानी गरायो, जुन नेपालको तत्कालीन कुल गार्हस्थ्य उत्पादनको करिब एक-तिहाइ थियो । यस महाविपद्पछि देशको पूरै नीति, बजेट, कर्मचारीतन्त्र र वैदेशिक सहायता राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको वरिपरि घुमिरहयो । जुन अर्बौं रूपैयाँ नयाँ प्रविधि, उत्पादनशील उद्योग, रोजगार सिर्जना र आधुनिक पूर्वाधारमा लगानी हुनुपर्ने थियो, त्यो केवल भत्किएका घर र विद्यालयलाई पुरानै अवस्थामा खडा गर्नमै सीमित भयो । झण्डै एक दशक देशको आर्थिक विकासको एजेण्डा ठप्पप्रायः बन्यो ।

यो घाउ निको हुन नपाउँदै २०८० सालमा जाजरकोटलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पले पश्चिम नेपालको ग्रामीण अर्थतन्त्र र आवासलाई फेरि अर्को अर्बौंको क्षति पुर्‍यायो, जसको पुनर्निर्माणको काम अझै सुस्त छ । नेपाल भारतीय र युरेसियन टेक्टोनिक प्लेटको सिमानामा अवस्थित भएकाले जमिनमुनि सञ्चित ऊर्जा अचानक रिलिज हुँदा यस्ता भूकम्पहरू जाने गर्छन्; तर हाम्रो कमजोर निर्माण आचारसंहिताका कारण थोरै कम्पनमा पनि क्षति अकल्पनीय हुने गरेको छ ।

## सशस्त्र द्वन्द्वः पूर्वाधार ध्वस्त पार्ने मानवसिर्जित संकट

प्राकृतिक विपद् त प्रकृतिको कठोर नियम थियो, तर २०५२ देखि २०६३ सम्म चलेको १० वर्षे माओवादी सशस्त्र द्वन्द्व नेपाल आफैंले निम्त्याएको मानवसिर्जित महाविपद् थियो । राजनीतिक व्यवस्था परिवर्तन, सामाजिक न्याय र समानताको नाममा उठाइएको हतियारले १७ हजारभन्दा बढी नेपालीको अमूल्य ज्यानमात्र लिएन, बरु देशको साढे तीन दशकको पूर्वाधार विकासको जगलाई जरैदेखि हल्लाइदियो । द्वन्द्वकालमा विद्रोही पक्षको मुख्य रणनीति नै राज्यका भौतिक संरचनाहरूलाई निशाना बनाउने रहयो । गाउँ-गाउँमा रहेका गाउँ विकास समितिका भवनहरू, साना किसान बैंक, कृषि सेवा केन्द्र, सञ्चार टावरहरू, प्रहरी चौकीहरू र रणनीतिक महत्त्वका पक्की पुलहरू बम विष्फोट र आगजनी गरेर ध्वस्त पारिए । विद्यालय र स्वास्थ्य चौकीहरूलाई ब्यारेक वा युद्धमैदानका रूपमा प्रयोग गरिँदा ग्रामीण क्षेत्रको शैक्षिक र स्वास्थ्य पूर्वाधार पूर्णरूपमा छिन्नभिन्न भयो ।

२०६३ सालको विस्तृत शान्ति सम्झौतापछि देश विकासको नयाँ दौडमा सामेल हुनपर्नेमा, तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत अर्को एक दशक द्वन्द्वकालमा भत्काइएका संरचना ब्युँताउन, प्रहरी चौकीहरू पुनः ठडयाउन र द्वन्द्वपीडितलाई राहत बाँड्नमै राष्ट्रिय बजेट र समय स्वाहा भयो । राजनीतिक संक्रमण र पुनर्निर्माणको यही अल्झोका कारण देशको औद्योगिक उत्पादन प्रभावित भयो र श्रमशील युवा शक्ति वैदेशिक रोजगारीका लागि पलायन हुन बाध्य भयो ।

## 'जेन जी' आन्दोलनः आक्रोशको आगो र भौतिक विध्वंस

पुरानो राजनीतिक र प्राकृतिक संकटको चक्रबाट तंग्रिन खोज्दै गर्दा २०८२ भदौ २३ र २४ गते देशले इतिहासकै अभूतपूर्व र भयानक मानवसिर्जित राजनीतिक आँधीबेहरीको सामना गर्‍यो । सामाजिक सञ्जालमा लागेको प्रतिबन्ध, राज्यको बेथिति र भ्रष्टाचारविरुद्ध 'जेन जी'पुस्ताको नेतृत्वमा सुरु भएको विद्रोहले अन्ततः अनियन्त्रित अराजकता र भयानक विध्वंसको रूप लियो । यो दुईदिने हिंसात्मक ताण्डवले देशका राज्यसत्ताका मुख्य धरोहरहरू र राष्ट्रिय गौरवका भौतिक संरचनाहरूलाई खरानी बनाइदियो । भदौ २४ गते प्रदर्शनकारीको अनियन्त्रित भीडले देशको सर्वोच्च प्रशासनिक केन्द्र सिंहदरबार, संघीय संसद् भवन र सर्वोच्च अदालतको घेराभित्र प्रवेश गरी व्यापक आगजनी र तोडफोड गर्‍यो । कडा सुरक्षा घेराभित्र रहने संसद् भवन आगजनीका कारण पूर्णरूपमा भग्नावशेषमा परिणत भयो ।

देशको केन्द्रीय प्रशासनिक केन्द्र सिंहदरबारको मुख्य ऐतिहासिक भवन र पश्चिमपट्टिको 'वेस्ट लाउन्ज' मा लागेको आगोले १२० वर्ष पुराना पुरातात्त्विक संरचना, बहुमूल्य स्रेस्ता र राष्ट्रिय अभिलेखहरू पूर्णरूपमा नष्ट भए । यसैगरी सर्वोच्च अदालत, भैंसेपाटीस्थित मन्त्री निवासका २७ वटा भवन, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सडक विभागजस्ता राज्यका महत्त्वपूर्ण निकायहरूमा व्यापक तोडफोड र आगजनी भयो ।

यो आक्रोश सिंहदरबारमा मात्र सीमित रहेन; काठमाडौं उपत्यकासहित देशका ५४ जिल्लाका सयौं बैंक, सपिङ मल, व्यापारिक कम्प्लेक्स, निजी प्रतिष्ठान तथा निजी घरहरू तोडफोड र आगजनीको चपेटामा परे । सडकमा गुडिरहेका र पार्किङ गरिएका १२ हजार ६०० भन्दा बढी सरकारी तथा निजी सवारीसाधन जलाइए वा कबाडमा परिणत गरिए ।

राज्यपक्ष र प्रदर्शनकारीबिच देशव्यापीरूपमा भएको हिंसात्मक झडपमा ठूलो मानवीय क्षति भयो । प्रहरीको गोली, अश्रुग्यास र भीडको आपसी दंगामा परेर दर्जनौं आन्दोलनकारी र सुरक्षाकर्मीको मृत्यु भयो भने हजारौं मानिस घाइते भए । काठमाडौंका ट्रमा सेन्टर, वीर अस्पताल र सिभिल अस्पतालहरू शव र घाइतेहरूले भरिए । आन्दोलनको आडमा विभिन्न कारागारहरू तोडफोड हुँदा हजारौं कैदी फरार भए, जसले देशको शान्ति सुरक्षालाई महिनौंसम्म भयावह बनाइदियो ।

नेपाल इञ्जिनियर्स एसोसिएसन र सरकारी निकायहरूको प्रारम्भिक विवरणअनुसार यस आन्दोलनबाट सरकारी पूर्वाधारतर्फमात्रै एक खर्ब चार अर्ब रूपैयाँबराबरको प्रत्यक्ष भौतिक क्षति भएको थियो । निजी क्षेत्रको व्यापारिक नोक्सानी र बजार बन्द हुँदा देशको अर्थतन्त्रले खर्बौंको अतिरिक्त भार बेहोर्नुपरेको थियो । देशको पूरै आर्थिक र व्यापारिक प्रणाली हप्तौंसम्म ठप्प हुँदा लगानीकर्ताको मनोबल डगमगायो र मुलुकको साख अन्तर्राष्ट्रियस्तरमै खस्कियो । 'जेन-जी' विद्रोहले सुशासनको माग त गर्‍यो, तर यसले निम्त्याएको पूर्वाधारको विनाशले अन्ततः देशलाई अर्को एक खर्ब रूपैयाँभन्दा बढीको पुनर्निर्माणको दायित्व थपिदियो । विकासको बजेट पुनः भत्किएका प्रशासनिक भवन ठडयाउनमै खर्च गर्नुपर्ने भएपछि देशको विकासको गति फेरि अर्को एक दशकका लागि रोकिन पुग्यो ।

## रसुवा बाढीः विकासको मेरुदण्डमै प्रहार

विगतका पुराना संकटहरूबाट सम्हालिन नपाउँदै गत भदौ १० गते नेपालको मानवीय, पूर्वाधार र अर्थतन्त्रको मेरुदण्डमै एउटा अभूतपूर्व र प्रलयकारी जलविपत्ति आइलाग्यो । जलवायु परिवर्तनको असरका कारण लाङटाङ सलुरुङ आसपासमा भएको ठूलो हिमचट्टान पहिरोका कारण तिब्बततर्फको लेन्दे खोला अस्थायीरूपमा थुनिएर अचानक विष्फोट भयो । उक्त आकस्मिक बाढी र भीषण लेदो प्रवाह भोटेकोशी र त्रिशूली नदीको जलप्रणाली हुँदै रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ र चितवन जिल्लाका दर्जनौं तटीय बस्तीहरूमा पसेर इतिहासकै ठूलो विनाश निम्त्यायो ।

विपद् व्यवस्थापन प्राधिकरणको पछिल्लो एकीकृत प्रतिवेदनअनुसार यस महाविपत्तिमा हालसम्म एक हजार ४५७ जनाको मृत्यु भइसकेको छ भने चार हजार ७२० जनाभन्दा बढी नागरिक अझै बेपत्ता छन् । बाढीमा परेर थुप्रै स्थानीय बासिन्दा, विदेशी पर्यटक र जलविद्युत् आयोजनामा कार्यरत प्राविधिक एवं सुरक्षाकर्मीहरूले ज्यान गुमाएका छन् ।

भौतिक पूर्वाधार र आर्थिक हिसाबले यो बाढीले देशलाई पछि फर्कन नसक्नेगरी गहिरो चोट दिएको छ । नेपाल-चीन व्यापारको लाइफलाइन मानिने टिमुरे, रसुवागढी नाका परिसर र मितेरी पुल पूर्णरूपमा ध्वस्त भएका छन् । 'रसुवा-भोटेकोशी बाढी २०८३ः द्रुत क्षति तथा आवश्यकता आकलन' प्रतिवेदनअनुसार रसुवा, नुवाकोट र धादिङलगायतका प्रभावित जिल्लाहरूमा ३३ वटा मोटरयोग्य पक्की पुल पूर्णरूपमा बगेका छन् । सबैभन्दा बढी क्षति नुवाकोटमा १४ वटा र रसुवामा १३ वटा पुल बगाउँदा भएको छ । यसका साथै बेत्रावतीदेखि रसुवागढीसम्मको रणनीतिक सडक खण्ड र ७,५७० भन्दा बढी घर एवं व्यापारिक भवनहरू क्षतिग्रस्त भएका छन् ।

यो बाढीले नेपालको ऊर्जा क्षेत्रलाई इतिहासकै सबैभन्दा घातक प्रहार गरेको छ । देशको कूल विद्युत् उत्पादनको झण्डै आठौं हिस्सा (४३० मेगावाट) योगदान गरिरहेका ११ वटा ठूला जलविद्युत् तथा सौर्य ऊर्जा आयोजनाहरू बाढी र ढुंगा-बालुवाको लेदोले पुरिएर वा संरचना भत्किएर पूर्णरूपमा ठप्प भएका छन् । सरकारको प्रारम्भिक प्रतिवेदनअनुसार ऊर्जा क्षेत्रमामात्रै एक खर्ब ३४ अर्ब ७० करोड रूपैयाँ बराबरको प्रत्यक्ष क्षति भएको छ, जुन विस्तृत अध्ययनपछि अझै बढ्न सक्ने अनुमान छ ।

सरकारले यस संकटबाट प्रभावित १५ वटा स्थानीय तहलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको छ । समग्र ऊर्जा, सडक र आवास क्षेत्रको पुनर्निर्माणका लागि तीन खर्ब रूपैयाँभन्दा बढी पुँजी आवश्यक पर्ने सरकारी अनुमान छ । रसुवागढीको यो बर्बादीले के पुष्टि गर्छ भने, हामीले विगतका दशकौंको सामूहिक मिहेनत र खर्बौंको वैदेशिक ऋण लगानी गरेर ठडयाएका राष्ट्रिय महत्त्वका ठूला पूर्वाधारहरू केवल एकै दिनको बाढीले बगाएर लैजाँदा, हामी फेरि नयाँ विकासको यात्रा छाडेर खर्बौंको पुनर्निर्माण र पुनरुत्थानको निराशाजनक दलदलमा अल्मलिन पुगेका छौं ।

## मनसुनजन्य विपद्: विकासको बजेट निल्ने दीर्घरोग

भूकम्प, द्वन्द्व र आन्दोलनहरू त निश्चित कालखण्डमा आए र गए, तर नेपालको विकासको गतिलाई रोक्ने र विकास बजेटलाई अनुत्पादक टालटुलमै अल्झाउने सबैभन्दा नियमित, क्रोनिक र घातक सत्रु भनेको प्रत्येक वर्ष आउने मनसुनजन्य बाढी र पहिरो हो । २०५० सालको मध्य नेपालको भीषण बाढी, २०६५ को कोशी बाँध फुट्दाको महाविपद्, २०७४ को देशव्यापी तराई डुबान, २०७८ को मेलम्ची र मनाङको लेदोसहितका विनाशकारी बाढीपहिरो यसका ज्वलन्त उदाहरण हुन् । विगत साढे तीन दशकमा बाढीपहिरोकै कारणमात्र १० हजारभन्दा बढी नेपालीले ज्यान गुमाइसकेका छन् ।

भौतिकरूपमा हाम्रा अर्बौंका जलविद्युत् आयोजना, भर्खरै करोडौं खर्चेर बनाइएका राष्ट्रिय राजमार्गहरू र पक्की पुलहरू बर्सेनि तासको महलझैँ ढल्छन् वा नदीले बगाउँछ । नेपालले वार्षिक आफ्नो कूल गार्हस्थ उत्पादनको १.५ देखि ४.५ प्रतिशतसम्म आर्थिक नोक्सानी केवल मनसुनजन्य विपद्का कारण बेहोर्दै आएको छ । हरेक वर्षको साउन-भदौमा बाढीले पूर्वाधार नष्ट गर्छ; असोज-कात्तिकदेखि सरकारको पूरै पुँजीगत खर्च तिनै भत्किएका सडक मर्मत गर्न र अस्थायी बेलीब्रिज हाल्न रकमान्तर गरिन्छ । हिउँदभरि बजेट पुनर्निर्माणमा सकिन्छ र असारमा फेरि बाढीले सबै बगाउँछ । ३० वर्ष लगाएर बनाइएको मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स सञ्चालनमा आएको पहिलो वर्षमै बाढीले पुरिएपछि सरकार वर्षौंदेखि केवल मेलम्चीको बालुवा पन्छाउन र पुनर्निर्माण गर्नमै अल्झनुपरेको छ । यो एउटा यस्तो दुष्चक्र बनिसकेको छ, जहाँ नयाँ विकासका लागि सोच र लगानी दुवै बाँकी रहँदैन ।

## नीतिगत कमजोरी र जवाफदेहिताको अभाव

प्रश्न उठ्छ- के यो केवल नेपालको कठिन भूगोल र प्रकृतिको दोष हो ? पक्कै होइन । यो हाम्रो गलत इञ्जिनियरिङ, नीतिगत लाचारी, दण्डहीनता र रियाक्टिभ कार्यशैलीको परिणाम हो, जसले विकासको गतिलाई अघि बढ्न दिँदैन । स्थानीय तहहरूमा भू-गर्भीय र वातावरणीय अध्ययनविना नै केवल राजनीतिक फाइदा र ठेकेदारी नाफाका लागि जथाभावी पहाड खन्ने प्रवृत्ति मौलाएको छ । यसले पहाडी भिरालो जमिनलाई कमजोर बनाएको छ, जसले सामान्य वर्षामा पनि भयानक पहिरो निम्त्याएर तलका सडक र पुलहरू पुर्ने गरेको छ ।

त्यस्तै, नेपालमा पुल वा सडक बनाउँदा जल-मौसम विज्ञान र नदीको प्राकृतिक बहाव क्षेत्रको अवमूल्यन गरिन्छ, जसका कारण निर्माण सम्पन्न भएको केही महिनामै पुल बग्दा वा सडक भासिँदा पनि ठेकेदार वा इञ्जिनियर कसैले जवाफदेहिता वहन गर्नु पर्दैन । अर्को मुख्य समस्या बजेटको चरम रकमान्तर हो । नयाँ उद्योग वा उत्पादनशील क्षेत्रका लागि लिइएको वैदेशिक ऋण वा राष्ट्रिय पुँजीलाई आर्थिक वर्षको अन्त्यमा विपद् उद्धार र पुनर्निर्माणका नाममा खर्च गरिन्छ । प्रतिफल नदिने पुनर्निर्माणमा खर्बौं सकिँदा देश ऋणको दलदलमा भासिन्छ तर वास्तविक विकासको प्रतिफल शून्य रहन्छ ।

## निर्माण र पुनर्निर्माणको अनन्त अल्झो तोड्ने कसरी ?

यदि नेपाललाई निर्माण, विनाश र पुनर्निर्माणको यो अनन्त र घातक अल्झोबाट बाहिर निकाल्ने हो भने अब हाम्रो विकासको मोडेलमा आमूल परिवर्तन गर्नुको विकल्प छैन । यसका लागि सबैभन्दा पहिले 'बिल्ड ब्याक बेटर'को अवधारणालाई कागजमामात्र सीमित नराखी इमानदारिताका साथ कार्यान्वयन गरिनुपर्छ । अब भत्किएका संरचनालाई पुनः पुरानै कमजोर प्रविधि र स्थानमा ठडयाउने आत्मघाती गल्ती बन्द गरिनुपर्छ र अब बन्ने हरेक पूर्वाधार जलवायु-उत्थानशील र बहुविपद् प्रतिरोधी प्रविधिका हुनुपर्छ ।

दोस्रो, स्थानीय तहमा विनाइञ्जिनियरिङ र विनाभू-गर्भीय अध्ययन सडक खन्ने कार्यलाई कानुनीरूपमै नियन्त्रण र दण्डनीय बनाउनुपर्छ । यसका साथै, पूर्वाधार निर्माण गर्दा निश्चित वर्षसम्म त्यसको सुरक्षाको ग्यारेण्टी ठेकेदार र सम्बन्धित इञ्जिनियरले लिनुपर्ने र समय अगावै भत्कने पूर्वाधारको क्षतिपूर्ति उनीहरूकै सम्पत्तिबाट भराउने कडा नीति नआएसम्म गुणस्तर सुध्रिने छैन । राजनीतिक वा सामाजिक आन्दोलनका नाममा सरकारी तथा सार्वजनिक सम्पत्ति र पूर्वाधारहरू ध्वस्त पार्ने, आगजनी गर्ने अराजक प्रवृत्तिलाई निरुत्साहित गर्न कडा कानुनी सजाय र प्रदर्शनकारी पक्षबाटै क्षतिपूर्ति भराउने व्यवस्था पनि उत्तिकै अनिवार्य छ ।

अन्त्यमा, २०८३ को रसुवा बाढीजस्ता सीमापार हिमताल वा हिमपहिरो जन्य विष्फोटको जोखिम कम गर्न छिमेकी राष्ट्रहरूसँग पूर्वसूचना सञ्चार संयन्त्र सुदृढ गर्दै जोखिमयुक्त तटीय बस्ती र पूर्वाधारलाई वैज्ञानिक तरिकाले सुरक्षित स्थानमामात्र निर्माण गर्ने रणनीति राज्यले लिनैपर्छ ।

नेपाल प्राकृतिकरूपमा जोखिमपूर्ण भूभागमा अवस्थित छ, तर यो जोखिमलाई हाम्रो नीतिगत अकर्मण्यता, भ्रष्टाचार र भौतिक सम्पत्ति विनाश गर्ने अनियन्त्रित आक्रोशले झन् भयानक बनाइदिएको छ । परम्परागत सस्तो निर्माण र महँगो पुनर्निर्माणको नीति नसच्चिएसम्म नेपालको समृद्धिको सपना भाषणमै सीमित रहने छ । अबको आवश्यकता 'एकै पटक बनाउने, तर इतिहास थाम्न सक्ने दिगो बनाउने' रणनीति हुनुपर्छ, ताकि हाम्रा सन्ततिले विकासको वास्तविक फल चाख्न पाऊन् र देशको भविष्य सधैँभरि पुनर्निर्माणकै जगमा अल्मलिइरहनु नपरोस् ।

*(लेखक काठमाडौं महानगरपालिकाका पूर्वनिर्देशक हुन्)*



**गिट्टी कुट्दै** | बाजुराको मार्तडीस्थित बडीमालिका नगरपालिका–८ बाउली खोला किनारमा गिट्टी कुट्दै गरेका श्रमिक । *तस्बिरः रासस*

# अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनको सम्पूर्ण तयारी पूरा

**विराटनगर–** कोशी प्रदेश सरकारको आयोजनामा यही असोज २७ र २८ गते विराटनगरमा हुने अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन-२०८३ को सचिवालयले आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएको हो ।

सम्मेलनका संयोजक एवं प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाका अनुसार संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउँदै प्रदेशहरूबीच आपसी सहकार्य, समन्वय र साझेदारी सुदृढ गर्ने सम्मेलनले मद्दत गर्ने विश्वास लिइएको छ ।

संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीयताको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने सम्मेलनमा प्रदेशहरूले गरेका अभ्यास र कार्यान्वयनका क्रममा प्राप्त गरेका अनुभव, सफल अभ्यास तथा साझा चुनौतीहरूबारे छलफल हुने बताइएको छ ।

संविधानमा उल्लेख भएअनुसार प्रदेशका अधिकारको प्रभावकारी प्रयोग, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको स्पष्टता, आवश्यक कानुनी तथा नीतिगत सुधार, वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन र प्रदेशको स्रोत परिचालनलगायत विषयमा सम्मेलनमा छलफल हुने जनाइएको छ ।

प्रदेशहरूबीच साझा हितका विकास आयोजना र तथा कार्यक्रमको पहिचान र कार्यान्वयन, अन्तरप्रदेशीय पूर्वाधार विकास, व्यापार तथा लगानी सहजीकरण, प्राकृतिक स्रोतको न्यायोचित उपयोग र लाभ बाँडफाँट, विपद् व्यवस्थापनमा सहकार्य तथा सुशासन र सार्वजनिक सेवा प्रवाहमा नवीन अभ्यासको आदानप्रदानमासमेत सम्मेलनमा जोड दिइने छ ।

प्रदेश सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै नागरिकले अनुभूत गर्नेगरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्नु, विकासका उपलब्धिलाई जनतासम्म पुऱ्याउनु र प्रदेशहरूको आन्तरिक आय अभिवृद्धिका सम्भावनालाई उपयोग गर्नु सम्मेलनका महत्त्वपूर्ण उद्देश्य रहेको सम्मेलनका संयोजक निरौलाले जानकारी दिए । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सम्मेलनमा सातवटै प्रदेशका मुख्यमन्त्री, सम्बन्धित प्रदेशका मुख्य न्यायाधिवक्ता, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवं प्रमुख सचिवहरूको सहभागित हुने सम्मेलनले साझा धारण निकाल्ने बताए ।

मुख्यमन्त्री कार्कीले संघीय शासन प्रणालीलाई थप सुदृढ, परिणामुखी र नागरिकमैत्री बनाउन सम्मेलनले सहयोग गर्ने विश्वास व्यक्त गर्दै सम्मेलनमा प्रस्तुत गरिने साझा एजेण्डा, प्रस्तावित कार्ययोजना र प्रतिबद्धतामार्फत प्रदेशहरूबीचको सहकार्यलाई नियमित, व्यवस्थित र परिणामुखी बनाउने दिशामा ठोस पहल गरिने कुरामा जोड दिए ।

मुख्यमन्त्री कार्कीले पत्रकारहरूका प्रश्नको जवाफ दिँदै सम्मेलनलाई उपलब्धिमूलक बनाउँदै संघीयताको सुदृढीकरण, सुशासन, दिगो विकास, आर्थिक समृद्धि र नागरिकको जीवनस्तर सुधारका साझा लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको बताए । *रासस*

बूढीगण्डकी बाढी

# गाउँ जाने पुल बगायो, सयभन्दा बढी घर बगे



■ प्रतीक्षा आले

**गोरखा–** बूढीगण्डकी बाढीमा परी उत्तरी गोरखाका १०० बढी घर बगेका छन् । आइतबार बिहान उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उंगिलुङ खोलामा सुक्खा पहिरो खसेको थियो । बिहान करिब ४:०० बजेतिर खसेको पहिरोले सो खोला थुनिएको र एक्कासि खोलिँदा बाढी आएको बाढी पूर्वानुमान महाशाखाको भनाइ छ ।

महाशाखाका अनुसार चुमनुब्री-६ तुम्जेमा पहिरो जाँदा उंगिलुङ खोला थुनिएको र एक्कासि खोलिँदा बाढी आएको हो । भू-उपग्रहले लिएको तस्बिरका अनुसार शनिबार साँझ नै पहिरो गएको महाशाखाको भनाइ छ ।

उंगिलुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुगेको हो । यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ ।

## १० जना सम्पर्कविहीन

बाढीमा परेर उंगिलुङ भेडीगोठमा बस्ने चुमनुब्री-६ चुन्चेतका पाँच जना सम्पर्कविहीन बनेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताएका छन् । सोही क्षेत्रको धाउलेमा बस्ने तीन घरका पाँच जना पनि सम्पर्कविहीन रहेको स्थानीय दिपेश लामाको भनाइ छ ।

## छ वटा पुल बगायो

बाढीप्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुईवटा मोटरेबल र चारवटा झोलुंगे पुल बगाएको उल्लेख छ । गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो । यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिए ।

बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ । यसैगरी, माछीखोला र केरौंजा जोड्ने झोलुंगे पुल, चुमनुब्रीको ठाडो भर्याङ र जगत जोड्ने पुलर चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुंगे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताइन् ।

दसैंको मुखमा आएको बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङ बताउँछन् । 'माछीखोलाको पुल बगाउँदा केरौंजा, लामावेशी, रुन्चेतलगायत गाउँबस्ती जाने बाटो बन्द भयो,' उनले भने, 'दसैंको मुखमा हामीलाई ठूलो विपत्ति आइपऱ्यो ।'

चुमनुब्री-३ फिलिमकी कुमारी गुरुङले पनि जताततै पुल बगाउँदा दसैंमा घर जाने बाटो बन्द भएको बताइन् । 'हामी त अब यहीँ थुनियौं, तलबाट घर आउनेहरूको बाटो पनि बन्द भयो,' गुरुङले भनिन्, 'यहाँ आउने हेलिकप्टरबाहेक अन्य उपाय छैन ।' बाढीले चुमनुब्री-६ सिर्दिभीरको क्यान्टिलिभर पुलसमेत बगाएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटको भनाइ छ । सर्दिभीरको क्यान्टिलिभर पुल उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ चुम्लिङ र वडा नं ७ छेकम्पारका गाउँबस्ती पुग्ने एकमात्र साहारा हो ।

## विद्यालय पनि बगे

बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाको भनाइ छ ।

## तीन हाइड्रो पावरमा क्षति

बाढीका कारण उत्तरी गोरखाको तीनवटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ । चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो । यस्तै, धार्चे गाउँपालिका-१ यारु र दोभानमा रहेको दुईवटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताए । बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्विहीन बनेका गुरुङको भनाइ छ ।

## १०० भन्दा बढी घरगोठ बगे

बाढीले चुमनुब्री गाउँपालिकाको उंगिलुङ खोला क्षेत्रका चार गोठ बगाएको छ । यस्तै, बूढीगण्डकी किनारमा पर्ने सल्लेरी, घट्टेखोला, पैँयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ । शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ ।

## हेलिकप्टरमार्फत उद्धार

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलिकप्टमार्फत उद्धार गरिएको छ । चुमनुब्री गाउँपालिका-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकप्टरमार्फत उद्धार गरेर न्याक गाउँ लगिएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताए ।

यस्तै, धार्चे गाउँपालिका-१ यारुबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि हेलीमार्फत उद्धार भएको उनले जानकारी दिए । उनका अनुसार यारुबगरमा फसेका पर्यटक, स्थानीय र हाइड्रोपावरमा कार्यरत्त १८ जनालाई हेलीमार्फत हुल्चुक गाउँमा लगिएको छ । हेलीले मनास्लु क्षेत्रमा अलपत्र परेका ९० जना पर्यटक, गाइड र भरियाहरूको पनि उद्धार गरेको छ । बाढीप्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा सेनाको चारवटा हेलिकप्टर परिचालन भएको थियो । *रासस*


**मलेसियामा रोजगार** कम्पनी : ALFATEH GUARDFORCE SDN BHD शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ पूर्व स्वीकृति मिति : २०८३/०६/२५ LT. No.331912 चलानी नं. ६०२४५९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1700 | ६४,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कार्तिक २ गते (19th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४

**Rasuwa Overseas Pvt. Ltd.**

Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

**मलेसियामा रोजगार** कम्पनी : RKN SMART SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ LT. No. 349175 चलानी नं. ६०२६२३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 50 | 0 | 1700 | ६४,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निः शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277, E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**युएइमा रोजगार** कम्पनी : BAM LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२५ LT. No. 333049 चलानी नं. ६०२४७०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ६३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST | 0 | 1 | 1500 | ६३,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कात्तिक २ गते (19th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**

Bafal-13, Kathmandu, Nepal, T: 01-5922923 Mob: 9860603888, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**युएइमा रोजगार** कम्पनी : HAMS AL BAHAR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/२५ LT. No. 343535 चलानी नं. ६०२५७१५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 2 | 0 | 1500 | ६३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 1 | 0 | 1500 | ६३,१६५ | | | | | | | |
| 3. | Electrician Assistant | 1 | 0 | 1200 | ५०,५३२ | | | | | | | |
| 4. | Electrician. | 1 | 0 | 1500 | ६३,१६५ | | | | | | | |
| 5. | Labour | 4 | 0 | 1100 | ४६,३२१ | | | | | | | |
| 6. | Steel Fixer | 1 | 0 | 1500 | ६३,१६५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कात्तिक २ गते (19th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८०७/०८२/०८३

**Fari Global Overseas Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal. Tel- +977-015928190, Email:- fariglobaloverseas1807@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : Big Bear Doughnuts Bakery Co.

पूर्व स्वीकृति मिति : २०८१/१२/०८ पूर्व स्वीकृति मिति : २०८३/०६/२५ LT. No. 320676 चलानी नं. ६०२३४९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 120 | ५९,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 4 | 0 | 90 | ४४,७३६ | | | | | | | |
| 3 | Light Driver (Nepali License) | 3 | 0 | 150 | ७४,५६१ | | | | | | | |
| 4 | Pastry & bakery Cook | 2 | 0 | 150 | ७४,५६१ | | | | | | | |

कम्पनी : AL-MAHA AGRICULTURAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/२५ LT. No. 344109 चलानी नं. ६०२५७४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver With Nepal Liceance | 8 | 1 | 180 | ८९,४७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 25 | 1 | 110 | ५४,६७९ | | | | | | | |
| 3. | Office Boys | 7 | 1 | 120 | ५९,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कार्तिक २ गते (19th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | २९६५०० | ० | ४४४० |



**मुस्ताङ र डोल्पा जोड्ने पुल** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ एक्लेभट्टी नजिकै कालिगण्डकी नदीमा निर्मित मुस्ताङ-डोल्पा जोड्ने मोटरेबल पुल । *तस्बिर: रासस*

## सुदूरपश्चिम सरकारले ल्यायो ३७ अर्ब ७० करोडको बजेट

■ प्रभाव संवाददाता




**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेको छ । अघिल्लो सरकारले गत असार १ गते प्रदेशसभामा पेस गरेको विनियोजन विधेयक र अर्थ विधेयक फिर्ता लिँदै बजेटमा आवश्यक परिमार्जन तथा पुनरवलोकनसहित नयाँ बजेट प्रस्तुत गरिएको हो ।

आइतबार बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारका आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले ३७ अर्ब ७० करोड ३९ लाख ६७ हजार रूपैयाँको बजेट प्रस्तुत गरेका हुन् । यो अघिल्लो सरकारले प्रस्तुत गरेको आकारअनुसार नै रहेको छ । बजेटको खर्च व्यहोर्ने स्रोततर्फ आन्तरिक राजस्व परिचालनबाट एक अर्ब ७२ करोड रूपैयाँ, नेपाल सरकारबाट राजस्व बाँडफाँट भइ प्राप्त हुने अनुमानित रकम १० अर्ब २४ करोड ९२ लाख ६७ हजार रूपैयाँ रहेको छ ।

यस्तै, संघीय रोयल्टी बाँडफाँटबापत प्राप्त हुने सात करोड रूपैयाँ, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान नौ अर्ब छ करोड ३३ लाख रूपैयाँ, आर्थिक वर्ष २०८२/८३ को विनियोजनबाट बचत हुने नौ अर्ब ६५ करोड रूपैयाँ, ससर्त अनुदानबाट प्राप्त हुने छ अर्ब तीन करोड ५८ लाख रूपैयाँ, संघीय समपूरक अनुदानबाट प्राप्त हुने ३८ करोड ८० लाख रूपैयाँ र विशेष अनुदानबाट ५२ करोड ७६ लाख रूपैयाँ प्राप्त हुने अनुमान रहेको छ ।

यसअघि तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले गत असार १ गते बजेट प्रस्तुत गरे पनि सत्ता गठबन्धन बदलिएपछि उक्त बजेट पारित हुन सकेन । सोही असार २९ गते नेपाल कम्युनिस्ट पार्टी एमालेको समर्थनमा नेपाली कम्युनिस्ट पार्टीका नेता खगराज भट्टको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो ।

करिब दुई महिनासम्म प्रदेशमा बजेट शून्यताको अवस्थामा रहेकामा आइतबारदेखि त्यो अन्योल हटेको छ ।

## रसुवा जोड्ने बेत्रावतीको बेलिब्रिज सञ्चालनमा



■ प्रभाव संवाददाता

**त्रिशूली (नुवाकोट)–** भोटेकोशी बाढीपछि आइतबार सडक सञ्जालमार्फत रसुवा जिल्लासँग सम्पर्क स्थापित भएको छ । नेपाली सेनाले बेत्रावतीमा निर्माण गरेको बेलिब्रिज सञ्चालनमा आएसँगै यातायातमार्फत जिल्लासँग अन्य जिल्ला जोडिएको हो ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले बेत्रावतीस्थित विदुर नगरपालिका-१० र उत्तरगया गाउँपालिका-५ बेत्रावती जोड्ने दुई पक्की पुल बगाएसँगै रसुवा र नुवाकोटबीचको सम्पर्क टुटेको थियो ।

पुल सञ्चालनमा आएसँगै नुवाकोट र रसुवा आसपासका क्षेत्रका नागरिकलाई आवतजावत गर्न र बाढीबाट प्रभावित क्षेत्रमा आवश्यक राहत तथा अत्यावश्यक सामग्रीको ढुवानीमा सहज हुने नेपाली सेनाका उपरथी अनुपजंग थापाले बताए । उनका अनुसार बेत्रावतीस्थित फलाखु खोलाको पुल नेपाली सेनाले पाँच दिनमा तयार गरेको हो ।

‘बाढीले सडकको पहुँचमार्ग बगाएसँगै बेत्रावतीसम्म पुग्नका लागि पहुँच मार्गसमेत थिएन,’ उपरथी थापाले भने, ‘सडक विभागसँगको समन्वयमा करिब ३०० मिटर दूरीको आगिङ्टार-बेत्रावतीको कठिन चट्टान हटाई पहुँचमार्ग विस्तार गरेर बेत्रावतीसम्मको सडक सञ्जाल र फलाखु खोलामा बेलिब्रिज जडान गरेर रसुवालाई बाहिर जिल्लासँग जोडिएको हो ।’ पुल सञ्चालनमा आएसँगै उपरथी थापाले पुल निर्माणसम्बन्धी प्राविधिक जानकारीसहितको प्रतिवेदन गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाको कार्यालयका प्रमुख कृष्णनाथ ओझालाई प्रदान गरे ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार सञ्चालनमा आएको बेलिब्रिज ४० टन भार बहन क्षमताको रहेको छ । ७३.२ मिटर लम्बाइ र ५.५ मिटर चौडाइको छ । नुवाकोटको विदुरबाट सीधै बेत्रावती पुग्न सकिने गरेर सडक सञ्जालको निर्माण र पुलबाट रसुवाको धुञ्चे पुग्न सहज भएको छ । बेत्रावतीको पुल तरेर पासाङल्हामु सडक मार्ग हुँदै रसुवाको धुञ्चे भएर स्याफ्रुबेँसीस्थित त्रिशूली वारीसम्म सवारीसाधनमा पुग्न सकिने भएसँगै रसुवाको बाढीप्रभावित क्षेत्रमा खाद्यसामग्रीसहित अत्यावश्यक सामग्री लैजान सहज भएको छ ।

गल्छी-रसुवागढी सडकअन्तर्गत स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको सडक सञ्चालनका लागि पनि बेत्रावतीमा निर्माण भएको बेलिब्रिजले सहज बनेको छ । बाढीप्रभावित क्षेत्रमा नेपाली सेनामार्फत खोज तथा उद्धारसहित राहत एवं अत्यावश्यक सामग्री उपलब्ध गराउँदै आइरहेको छ ।

भोटेकोशी बाढीले क्षति पुऱ्याएको देवीघाटस्थित तादी खोलामा नेपाली सेनाले बेलिब्रिज जडान गरेर नुवाकोट र धादिङलाई यातायातको सीधा सम्पर्कमा जोडेको थियो । बाढीले क्षति पुऱ्याएका बाँकी स्थानका पुलसहितको सडक सञ्जाल सञ्चालन गराउन नेपाली सेनामार्फत आवश्यक सहजीकरण भइरहेको उल्लेख छ ।

## दसैंका लागि थप सहज बनाइँदै बिपी राजमार्ग

### पुनर्निर्मित सडकबाटै सञ्चालन गरियो यातायात



**काभ्रेपलाञ्चोक–** दुई वर्षअघिको बाढीपहिरोले क्षतिग्रस्त काभ्रेपलाञ्चोकतर्फको बिपी राजमार्गमा हाल पुनर्निर्मित सडकबाटै आवागमन गराइएको छ । आउँदो दसैंलाई मध्यनजर गर्दै थप सहजता बनाइँदै लगिएको डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ ।

२०८१ असोजको बाढीपहिरोले करिब ३० किलोमिटर सडक क्षतिग्रस्त भएपछि रोशी खोलामै अस्थायी डाइभर्सन बनाएर आवागमन गर्दै आएकामा यही असोज पहिलो साताको अविरल वर्षाको बाढीले रोशी खोलाको उक्त डाइभर्सन बगाएपछि हाल पुनर्निर्मित सडकबाटै आवागमन गराइएको हो ।

‘एक-दुई स्थानमा साँघुरो भएकाले डाइभर्सन बनाएर दुईतर्फी आवागमन गराइएको छ, अन्यत्र कहीँकतै अप्ठ्यारो छैन,’ कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले भने । उनका अनुसार चौकीडाँडा र पिन्थलीमा भिरालो भएकाले हाल मर्मत भइराखेको र डाइभर्सनसमेत प्रयोग गरिएको छ भने डालाबेँसी-पिप्ले सडकखण्डको करिब २०० मिटरमा डाइभर्सनमा यातायात सञ्चालन गराइएको छ ।

हाल पुनर्निर्मित सडकबाटै आवागमन गराइए पनि जाम नहुने योगेशको भनाइ छ । वर्षा भई सडक माथिबाट लेदो तथा पहिरो गई अवरुद्ध भए आधादेखि केही घण्टामै सडक खुलाउनेगरी सामग्री व्यवस्थापन गरिएको छ । ‘दसैंमा यात्रा सहजताका लागि थप मर्मत कार्य भइरहेको छ,’ योगेशले भने । यही असोज ८ गतेदेखिको बिहीबारदेखिको अविरल वर्षाका कारण डाइभर्सन बगाइ पहिरो तथा लेदोले पाँच दिन बिपी राजमार्ग पूर्णरूपमा अवरुद्ध बनेको थियो । त्यसयता पुनिर्निर्मित पुरानै सडक-ट्र्याकबाट सवारी आवागमन गराइएको योगेशले बताए । यसका लागि पछिल्ला केही महिनादेखि पुनर्निर्माणलाई तीव्रता दिइँदै आइएको थियो ।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गमा यसअघि वर्षा हुनेबित्तिकै रोशीको बाढीले अस्थायीरूपमा बनाइएको डाइभर्सन बगाउने हुँदा अवरुद्ध भइहाल्थ्यो ।

> “ हाल दसैंलाई लक्षित गरी वर्षालगायत कारण अवरूद्ध भइहाले आधा घण्टामै खुलाउनेगरी तयारी भइसकेको छ, यसका लागि आवश्यक इक्युपमेन्टसमेत स्ट्याण्डबाई अवस्थामा राखिएको छ ।
>
> ■ **सुमन योगेश**
> प्रमुख, डिभिजन सडक कार्यालय भक्तपुर

हाल कार्यालयले पुनर्निर्मित ट्र्याकमा वर्षामा सकेसम्म राजमार्ग अवरुद्ध हुन नदिनेगरी तथा अवरुद्ध भइहाले विविध ‘इक्युपमेन्ट’ प्रयोग गरी सकेसम्म आधा घण्टाभित्र सञ्चालनमा ल्याउने तयारीसमेत गरिएको यागेशले बताए । उनले भने, ‘हाल दसैंलाई लक्षित गरी वर्षालगायत कारण अवरुद्ध भइहाले आधा घण्टामै खुलाउनेगरी तयारी भइसकेको छ, यसका लागि आवश्यक इक्युपमेन्टसमेत स्टचाण्डबाई अवस्थामा राखिएको छ ।’

उनका अनुसार साविककै स्थानमा पुनर्निर्माण भएका अधिकांश खण्डबाट भदौदेखि आवागमन गाउँदै आइएको थियो । चौकीडाँडा, चारसयबेँसी, घुमाउनेबेँसी, बोक्सीकुना, चिउरीबास, कालढुंगा तथा पिप्ले-बर्खेखोला क्षेत्रलाई भने कार्यालयले उच्च जोखिमयुक्त स्थानका रूपमा पहिचान गरेको छ ।

उक्त राजमार्गको क्षतिग्रस्त क्षेत्रको अधिकांश स्थानमा ग्राभेलसम्मको काम तथा केही स्थानमा भने ठूला ढुंगा राखेर सडक तयार गरिएको हो । हाल वर्षायामअघि सात मिटर उचाइसम्म सडक बनाएर ग्राभेल राखिएको छ भने हिउँद लाग्दा खोलाबाट करिब १० मिटर उचाइसम्म सडक बनाएर कालोपत्र गरिने जनाइएको छ । कतिपय स्थानमा आरसिसी वालको फाउण्डेसन पूरा भई अन्य काम भइरहेको छ भने ट्र्याक निर्माण भएका सडकमा ग्राभेल हालेकाले सवारीसाधन सञ्चालनमा कुनै समस्या आउने छैन ।

क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रूपैयाँ स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रूपैयाँको स्रोत सहमति दिइएको हो । *रासस*

## ललितपुर उद्योग वाणिज्य संघमा कर्माचार्य

**ललितपुर (प्रस)–** ललितपुर उद्योग वाणिज्य संघको अध्यक्षमा भूमिनन्दन कर्माचार्य निर्वाचित भएका छन् । संघको शनिबार सम्पन्न ४७औं वार्षिक साधारणसभाबाट उनी अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनमा कर्माचार्यले ८६७ मत प्राप्त गरे । संघको नयाँ नेतृत्व चयनका लागि शनिबार सम्पन्न निर्वाचनको मतगणनाबाट विभिन्न पदका उम्मेदवार निर्वाचित भएका हुन् ।

संघको विधानअनुसार अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उद्योग, वाणिज्य र संस्थागत क्षेत्रका उपाध्यक्ष एक-एक, महासचिव एक, कोषाध्यक्ष एक तथा विभिन्न क्षेत्रबाट १५ जना कार्यसमिति सदस्य चयन गर्ने व्यवस्था छ । कार्यसमिति सदस्यमा उद्योग क्षेत्रबाट छ, वाणिज्य क्षेत्रबाट सात, संस्थागत क्षेत्रबाट एक र एसोसियट क्षेत्रबाट एक जना चयन हुने व्यवस्था रहेको छ ।

संघको विधानको दफा ६.३ मा रहेको उपाध्यक्ष (एसोसिएट) सम्बन्धी व्यवस्थाअनुसार उक्त पदमा निर्वाचन हुन सकेन । विधानको नोट महलमा कम्तीमा ५० वटा एसोसिएट सदस्य पुगेपछि मात्र उपाध्यक्ष पदको व्यवस्था हुने प्रावधान रहेकामा आवश्यक सदस्य संख्या नपुगेका कारण उक्त पदका लागि निर्वाचन नगरिएको जनाइएको छ ।

निर्वाचनबाट चयन भएको नयाँ नेतृत्वले ललितपुरका उद्योगी, व्यवसायी तथा उद्यमीका हकहितको संरक्षण, व्यवसायमैत्री वातावरण निर्माण, स्थानीय उत्पादन तथा व्यापार प्रवर्द्धन र संघको संस्थागत सुदृढीकरणमा भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## शुभप्रवा सहकारीको १७औं वार्षिक साधारणसभा




**काठमाडौं (प्रस)–** शुभप्रवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १७औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

संस्थाका सञ्चालक समितिका अध्यक्ष विदुर बस्नेतको अध्यक्षतामा सम्पन्न साधारणसभाले सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरेको छ ।

त्यसैगरी लेखा समितिको प्रतिवेदन, आगामी आर्थिक वर्षको बजेट, आर्थिक वर्ष २०८३/८४ का लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारणलगायतका प्रस्तावमाथि छलफल गरी अनुमोदन गरिएको संस्थाले जनाएको छ ।

साधारणसभामा प्रस्तुत वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म संस्थाको सेयर पुँजी १० करोड ७८ लाख ७२ हजार रूपैयाँ पुगेको छ । त्यस्तै, निक्षेप दायित्व ८८ करोड चार लाख ७९ हजार रूपैयाँ र कर्जा लगानी ७४ करोड ५६ लाख ७३ हजार रूपैयाँ रहेको छ । त्यस्तै संस्थाको कूल आम्दानी नौ करोड ८२ लाख ७१ हजार रूपैयाँ रहेको छ ।

साधारणसभाको उद्घाटन पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले गरेका थिए । उक्त अवसरमा उनले संस्थालाई शुभकामना दिँदै आगामी दिनमा पनि बचतकर्ता तथा ऋणीहरूको हितमा काम गर्नुपर्ने बताए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ